किस्पाङ गाउँपालिकाको
राजस्व सुधार कार्ययोजना

०७८/७९-०८०/८१

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले,नुवाकोट
बागमती प्रदेश
२०७७

प्रतिवेदन तयारी

शीर्षक :	**किस्पाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ०७८/७९-०८०/८१**
गाउँपालिका	किस्पाङ गाउँपालिका, नुवाकोट, बाग्मती प्रदेश
प्राविधिक सहयोग	सेमिड नेपालं, एकान्तकुना, ललितपुर
समन्वय र सहयोग	पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनःस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड)
मिति	मंसिर २०७७

कृतज्ञता ज्ञापन

किस्पाङ गाउँपालिकाका लागि पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) को आर्थिक सहयोगमा सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एण्ड डेभलपमेन्ट (सेमिड) नेपालको प्राविधिक सहयोगमा प्रस्तुत राजश्व सुधार कार्ययोजना तयार गरिएको हो । यस कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीयस्तरबाट योगदान पुऱ्याउने *गाउँपालिकाका अध्यक्ष श्री छत्र बहादुर लामा, उपाध्यक्ष श्री माया देवी न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत श्री खुम बहादुर घर्ती,* कार्यपालिकाका पदाधिकारीहरु तथा गाउँपालिकाका कर्मचारीहरु प्रति परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसै गरी यस कार्यलाई सफल पार्न आवश्यक समन्वय, रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निजामती सेवाका उच्च पदस्थ कर्मचारीहरु र पूर्णिमा कार्यक्रमका पदाधिकारी एवं विषय विशेषज्ञ श्री सन्तोष विष्ट, श्री सीमा रजौरिया, श्री महेश नेपाल एवं गाउँपालिका योजना तथा शासन सल्लाहकार श्री निरक सुनार इन्जिनियर श्री प्रमोद पोखरेलमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजस्वमा अपेक्षा अनुरुप अभिवृद्धि भई स्थानीय श्रोत व्यवस्थापन र अधिकतम परिचालनबाट स्थानीय विकास र सेवा प्रवाहमा सुधारका साथमा प्रभावकारिता ल्याउने उद्देश्यको सफलताको समेत कामना गर्दछौं ।

मंसिर २०७७ सेमिड नेपाल,

एकान्तकुना, ललितपुर

विषयसूची

परिच्छेद- एक : परिचय १
- १.१ पृष्ठभूमि १
- १.२ राजस्व सुधार योजनाको औचित्य १
- १.३ योजनाले राखेका उद्देश्यहरु ३
- १.४ योजना तर्जुमा विधि र प्रक्रिया ३

परिच्छेद- दुई : किस्पाङ गाउँपालिकाको संक्षिप्त परिचय ७
- २.१ गाउँपालिकाको संक्षिप्त परिचय ७
- २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था
- २.३ राजस्व प्रशासनको वर्तमान अवस्था
- २.४ राजस्व परिचालन सम्बन्धी प्रयासहरु
- २.५ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १६

परिच्छेद- तीन : गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता १७
- ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १७
  - ३.१.१ संवैधानिक व्यवस्था १७
  - ३.१.२ कानुनी व्यवस्था १८
- ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था
- ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण
- ३.३.१ कर राजस्व
- ३.३.२ गैरकर राजस्व

परिच्छेद- चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था
- ४.१ आय संकलनको संस्थागत क्षमता ४२
  - ४.१.१ स्थानीय राजस्व परामर्श समिति ४२
  - ४.१.२ गाउँपालिकाको राजस्व प्रशासन ४२
- ४.२ गाउँपालिकाको आन्तरिक आय परिचालन ४३
- ४.३ राजस्व परिचालनमा रहेका सवालहरु ४५

परिच्छेद- पाँच : राजस्व सुधार कार्ययोजना ४८
- ५.१ किस्पाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ४८
  - ५.१.१ रणनीति ४८
  - ५.१.२ कार्यनीति ४८
  - ५.१.३ राजस्व सुधार कार्ययोजना ५१

परिच्छेद- छ : आगामी तीन वर्षको आय प्रक्षेपण ५८
- ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५८

परिच्छेद- सातः अपेक्षित नतिजा

परिच्छेद- आठः अनुगमन तथा मूल्यांकन

अनुसूचीहरु

सन्दर्भ सामग्रीहरु ८८

तालिकाहरु

- २.१ किस्पाङ गाउँपालिकाको संक्षिप्त जानकारी ७
- २.२ भू-उपयोगको विवरण ८
- २.३ किस्पाङ गाउँपालिकाको क्षेत्रफल, जनसंख्या र घरधुरीको विवरण ८
- २.४ किस्पाङ गाउँपालिकाको कर्मचारीहरुको विवरण र अवस्था (दरबन्दी बमोजिम कार्यरदत पद) १३
- ३.१ तहगत सरकारको राजस्व अधिकार १७

३.२ एकल कर प्रशासन अन्तर्गतको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँट २१
३.३ कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा) २१
३.४ कर राजस्वको बाँडफाँटका लागि सूचकांक (प्रतिशतमा) २२
३.५ किस्पाङ गाउँपालिकाको अनुमानित तथा यथार्थ आन्तरिक आय (रकम रु हजारमा) २३
३.६(क) कुल घरधुरी तथा वार्षिक सम्पत्ति कर अनुमान विवरण २५
३.६(ख) कुल घरधुरी तथा वार्षिक सम्पत्ति कर अनुमान विवरण २६
३.७ वार्षिक भूमि (मालपोत) करको (संभाव्य रकम) र प्रक्षेपण रकम रु. २८
३.८ व्यवसायीहरुको प्रकृति बमोजिम संख्या, प्रस्तावित दर बमोजिम सम्भाव्य रकम ३०
३.९ कवाडी (पुन:प्रयोग हुने कवाडी सामानहरुमा लाग्ने करको प्रस्तावित दर) ३२
३.१० विज्ञापन करका लागि प्रस्तावित दर (नमूना) ३४
३.११ व्यवसायी दर्ता तथा नविकरण शुल्कबाट उठ्न सक्ने सम्भावित रकम रु. ३७
४.१ स्थानीय राजस्व परामर्श समिति ४२
४.२ कर संकलनको अवस्था र सम्भावनाको विश्लेषण ४३
५.१ राजस्व अभिवृद्धिका लागि मुख्य रणनीति तथा कार्यनीतिहरु ४८
५.२ किस्पाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ५१
६.१ राजस्व प्रक्षेपणका आधार ५८
७.१ आगामी तीन आ.व.का लागि कुल आय रकमको प्रक्षेपण (रकम रु हजारमा) ६१
८.१ राजस्व अभिवृद्धि कार्ययोजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकनको ढाँचा ६३

चित्र

१. वित्तीय हस्तान्तरण १
२. राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४
३. गाउँपालिकाको स्वीकृत संगठनात्मक तथा मानव संसाधन स्वरूप १२
४. राजश्व परिचालन प्रक्रिया र चक्र १४
५. गाउँपालिकाको राजस्व प्रकार १८
६. गाउँपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र १८

ग्राफहरू

१. किस्पाङ गाउँपालिकाको अनुमानित तथा यथार्थ आन्तरिक आयको अवस्था २४
२. सम्पत्ति कर : करदाता संख्या तथा कर रकमको प्रक्षेपण २७
३. मालपात करका लागि करको दायरामा ल्याउनुपर्ने रोपनी जग्गा र सम्भावित रकमको प्रक्षेपण रु. २८
४. व्यवसाय करका लागि करदाता तथा कर रकमको प्रक्षेपण ३१
५. कुल आयमा आन्तरिक स्रोतको तुलनात्मक अवस्था र वृद्धि (प्रक्षेपण अवधिको समेत) ६२

परिच्छेद- एक : परिचय

१.१.पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न अवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि अन्तरसरकार वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, राजस्व बाँडफाँड र आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था समेत रहेको छ।

संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान गरी ४ किसिमका अनुदानहरु अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहले प्राप्त गर्दछन्। त्यसैगरी संघ तथा प्रदेश सरकारबाट असुल हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ। जसलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

चित्र नं. १ : वित्तीय हस्तान्तरण



यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बीचको फासला कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ। नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरुले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ। नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ।

१.२. राजस्व सुधार योजनाको औचित्य

संघीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरु पुरागर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको अलावा विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ।

आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट अधिकार प्रदान गरिए अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन्। आफैले राजस्व उठाउने निर्णय नगर्दासम्म स्थानीय तहहरु खर्चप्रति उत्तरदायी कम हुने मान्यता रहेको छ। जनताको वढ्दो माग वमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ। यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी तिनको यथोचित कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस बिषयमा नियमित रुपमा आफ्नो गाउँपालिका/नगरपालिकासँग प्रश्न सोध्ने हुनाले स्थानीय गाउँपालिका/ नगरपालिकाहरु पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ। सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको संतुष्टीको मात्रा पनि बढ्दैजान्छ।

आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढीभयो त्यति बढीमात्रामा स्वायत्तताको अनुभूति गर्दछन्। यसरी स्थानीय तथा प्रदेश तहले जति बढी स्वायत्ततापूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयता सफल र सुदृढ हुँदै जान्छ।

गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्रका सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट संभाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ। यसमा सुधार ल्याउन गाउँपालिकाको वाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ। यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान वमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो। यस राजस्व सुधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालनमा सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसबाट गाउँपालिकाले आन्तरिक आयका आधार, दायरा र दरको संभाव्यता विश्लेषण गरी प्रक्षेपण गर्न वा बार्षिक बजेटलाई यथार्थपुरक, प्रभावकारी र उद्देश्यमुलक बनाउन रअन्तर

सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम आवधिक योजना अन्तरगतका योजनाहरुलाई कार्यान्वयनका लागि मध्यकालिन खर्च संरचना अनुरुप स्रोत प्रक्षेपण गर्न सघाउ पु¥याउँछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) बमोजिम वार्षिक रुपमा बजेट सीमा निर्धारण गर्न तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८ बमोजिम आय व्ययको प्रक्षेपण तयार गर्नमा समेत यसले सहयोग गर्दछ।

१.३ योजनाले राखेका उद्देश्यहरु

यस राजस्व सुधार योजना तर्जुमा गर्नुको प्रमुख उद्देश्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ र गाउँपालिकाका बार्षिक आर्थिक ऐनहरु बमोजिम किस्पाङ गाउँपालिकाको राजस्व परिचालन क्षमताका आधारमा स्रोतहरुको सम्भाव्यता, जनताको कर तिर्न सक्ने क्षमता र गाउँपाकिलाको राजस्व प्रशासनको विश्लेषण गरी आवश्यक सुधारका उपायहरु पहिचान गर्दै राजस्व अभिबृद्धि गर्न कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने रहेको छ। बुँदागत रुपमा उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

१. स्थानीय तहको राजस्व अधिकारका सम्वन्धमा जनप्रतिनिधि, राजस्व शाखाका कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई अभिमुखीकरण गरी राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको पृष्ठभूमि तयार गर्ने।

२. राजस्व परिचालनका सन्दर्भमा आन्तरिक आयका आधार, नागरिकको कर तिर्न सक्ने क्षमताको विश्लेषण वा दरको संभाव्यता, विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्थाको विश्लेषण गरी गाउँपालिकाले अपनाउनुपर्ने आवश्यक रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने।

३. राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरी आवश्यक सिफारिस गर्न

४. स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरुलाई कराधार अन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्ने।

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

किस्पाङ गाउँपालिकाकोराजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्वन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको थियो। यसको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ लाई लिइएको छ। साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरुको आवश्यक परिमार्जन र सहजीकरण गरिएको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी निर्देशिका वमोजिम कार्ययोजना तर्जुमाका ११ चरणहरु रहेका छन्।

किस्पाङ गाउँपालिकाले राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम तय गरी सो सम्बन्धमा भएको निर्णय अनुसार गरेको अनुरोधमा पूर्णिमा परियोजनाले जारी गरेको सूचनामा नै जानकारी भएको र सेमिडमार्फत यो कार्यक्रम कार्यान्वयन गर्ने सम्झौता भएपछि गाउँपालिकामा भ्रमण गरी

गाउँपालिकाका अध्यक्ष,उपाध्यक्षलगायत अन्य पदाधिकारीहरुसँग भएको छलफल कार्यक्रममा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा राजस्व सुधार कार्यदल गठन भएको थियो । साथै उक्त छलफल कार्यक्रममा आवश्यक सन्दर्भ सामग्री संकलन गरिएको थियो । नपुग तथ्यांक तथा सूचनाहरु टेलिफोन तथा इमेल मार्फत संकलन गरिएको थियो ।

विश्वव्यापी माहामारीका रुपमा रहेको कोभिड १९ का कारणले मन्त्रालयले निर्धारण गरेका उपर्युक्त चरणहरुमा उल्लिखित कृयाकलापहरुलाई निम्नलिखित बुँदाहरुमा समायोजन गरी कार्ययोजना तर्जुमा कार्य सम्पादन गरिएको छ ।

चित्र नं. २ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया



१. सन्दर्भ सामग्रीको संकलन तथा अध्ययन

यस चरणमा राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक संघीय, प्रदेश तथा स्थानीयस्तरसँग सम्वन्धित सामग्रीहरुको संकलनका लागि आवश्यक तथ्यांक तथा सूचनाको चेकलिष्ट तयार गरियो । यस अन्तर्गत पालिकास्तरीय आवश्यक सूचना संकलन तथा छलफलका लागि चेकलिष्ट तयार गरीगाउँपालिकामा पठाइएको र सो बमोजिम पालिकास्तरमा छलफल गरिएको थियो ।

चेकलिष्ट बमोजिम संकलित तथा अध्ययन गरिएका सामग्रीहरुमा Fiscal federalism in Nepal :Challenges and Opportunities (RK Shah), Explaning Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC),नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), प्राइभेट फर्म दर्ता ऐन, २०१४ (संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६), साझेदारी ऐन, २०२० (संशोधन २०७५), कम्पनी ऐन, २०६३ (संशोधन २०७५),उपभोक्ता हित संरक्षण ऐन, २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा

पञ्जीकरण ऐन, २०७६ पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका संघीय नीति, ऐन, निमावली, योजना आदि रहेका छन् ।

यसैगरी बाग्मती प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा बाग्मती प्रदेश आर्थिक ऐन २०७६, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी गरेका सम्बन्धित नमूना कानूनहरु आदि रहेका छन् ।

२. गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना संकलन विधि निर्धारण

अध्ययनको पहिलो चरणमा नै गाउँपालिकामा भ्रमण गरी गाउँपालिकाकाअध्यक्ष, उपाध्यक्षलगायत शाखा प्रमुखहरुसँग छलफल गरी कार्ययोजना तयारीका प्रक्रिया र गाउँपालिकाबाट गर्नुपर्ने भूमिकाका विषयमा स्पष्ट गरिएको थियो । सोही क्रममा अध्ययन प्रक्रियालाई सहयोग पुऱ्याउन उपाध्यक्षको संयोजकत्वमा कार्यदलको गठन, सूचना संकलनका लागि सामाजिक परिचालक (गणक) परिचालन गर्ने छलफल भएको थियो ।

यस चरण पश्चात विश्वव्यापी महामारीका रुपमा देखिएको कोभिड १९ का कारण देशभर लागू गरिएको लकडाउन अवधिको विभिन्न समयमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पूर्णिमा कार्यक्रम अन्तर्गतका सल्लाहकारसँग जुम प्रविधिबाट प्रत्यक्ष छलफल गरी गाउँपालिकाले हालसम्म परिचालन गरिआएका कराधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको बर्तमान संरचना, यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरुका विषयमा स्पष्ट पारिएको थियो । यसरी प्राप्त सूचनाका आधारमा राजस्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचानगर्न मद्दत पुग्यो ।

३. तथ्यांक तथा सूचना विश्लेषण

संकलित गाउँपालिकाको विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामागाउँपालिका र वडास्तरका प्राथमिक तथा द्धितीय स्रोतबाट प्राप्त तथ्यांक तथा सूचनाहरु विश्लेषण गरियो । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकारी भयो ।

यी विषयमा थप प्रष्टताका लागि गाउँपालिकाकापदाधिकारी, कर्मचारीहरु र सरोकारवालाहरुसँग जुम प्रविधिको प्रयोग गरी भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, गाउँपालिकाले भोगिरहेका चुनौतिहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । त्यसपछि सवै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थिति वारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने बिषयहरुमा पूर्णिमा सल्लाहाकार र प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग टेलीफोन छलफल गरी स्पष्ट भएपछि सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन तयार गरी गाउँपालिकालाई उपलब्ध गराइयो । साथै उक्त मस्यौदा वारे पुनः जुम प्रविधिको प्रयोग गरी दफावार छलफल गरिने बारे समेत अवगत गराउँदै गाउँपालिकालाई राजस्वका देहाय विषयमा अभिमुखीकरण गर्नुपर्ने विषयमा समेत जानकारी दिइयो ।

क) स्थानीय करको सिद्धान्त, गाउँपालिकाको आन्तरिक स्रोत सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु, राजस्व परिचालन सम्बन्धमा नेपालका गाउँपालिका तथा नगरपालिकाहरुले गरेका असल अभ्यासहरुका विषयमा अभिमुखीकरण तथा अन्तर्क्रिया ।

ख) स्थानीय व्यवसाय दर्ता, नवीकरण र त्यसको महत्वका विषयमा निजी क्षेत्रलाई अभिुखीकरण गरी स्थानीय कर सम्बन्धी बुझाईमा सुधार ।

ग) करको दर र दायरा बृद्धिमा गाउँपालिकाको भूमिका एवं राजस्व प्रशासन र राजस्व परिचालनमा लैंगिक तथा सामाजिक समावेशी सम्बन्धी जानकारी अभिवृद्धि ।

घ) गाउँपालिकाकोआन्तरिक राजस्वको वर्तमान अवस्थामा भएको उपयोग सम्बन्धी लोखाजोखा तथा स्थानीय सरकारहरुले गरेका राजस्वको र उपयोग वारे जानकारी ।

पुनश्चः उपरोक्त विषयहरुलाई गाउँपालिकाकोमा थप अभिमुखीकरण सँगसँगै तयार गरिएको दस्तावेजमा उल्लिखित विषयहरुको प्रमाणिकरणकरण गरिएको थियो ।अभिमुखीकरण कार्यक्रममा सहभागीहरुको नामावली ***अनुसूची १*** मा उल्लेख गरिएको छ ।

४. राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

बुँदा नं. १ देखि ३ सम्मका क्रियाकलापहरु तथा प्राप्त सूचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल संभाव्यता र सोबाट प्राप्त हुन सक्ने राजस्वलाई आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण गरियो । यसरी तर्जुमा भएको मस्यौदालाई किस्पाङ गाउँपालिकातथा मोटम्याकडोनाल्ड/पूर्णिमा कार्यक्रम आयोजना कार्यालयमा आवश्यक पुनरावलोकन तथा सुझावका लागि प्रस्तुत भई प्राप्त सुझावलाई समावेश गरेर अन्तिम मस्यौदा तयार गरी गाउँपालिकामा पेश गरिएको हो ।

५. राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

यसरी किस्पाङगाउँपालिकामा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजनालाई गाउँपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकता अनुसार सुधार गर्न छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव गरिएको छ ।

६. योजनाका सीमाहरु

प्रस्तुत राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

१. प्रस्तुत अध्ययन किस्पाङ गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाकापदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

२. संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक १०% ले बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाले संकलन गर्ने आन्तरिक स्रोतमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्यांक नभएको अवस्थामा सहभागीहरुसँगको अन्तर्क्रियाबाट सम्पुष्टि गरिएको थियो ।

४. गाउँपालिकाको गठन भएको ३ वर्ष पनि पुरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकेले ऐतिहासिक प्रवत्ति देखिने तथ्यांकीय विश्लेषणका लागि आवश्यक तथ्यांक र सूचनाको

अभावमा तथ्याङ्कीय औजार)stastistical tools) प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।

परिच्छेद- दुई : किस्पाङ गाउँपालिकाको संक्षिप्त परिचय

बाग्मती प्रदेश, नुवाकोट जिल्लामा अवस्थित किस्पाङ गाउँपालिका समुद्र सतहबाट ६२५ मिटर देखि करिब ४२०० मिटर उचाई सम्म फैलिएको छ। तामागं जातीको बाहुल्य रहेको यस गाउँपालिकाको राजस्व परिचालनको बर्तमान अवस्था बिश्लेषण तथा भविष्यको सम्भाव्यता पहिचान गर्न, राजस्व परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति विश्लेषण गर्न, गाउँपालिकामा सञ्चालनमा रहेका आर्थिक गतिविधि, मानवीय संसाधन तथा भौतिक स्रोत साधन लगायतको अवस्था थाहा पाउन यी बिषयमा गाउँपालिकामा रहेका सूचनाहरु प्राप्त गर्नु महत्वपूर्ण रहेको छ। यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ।

२.१ गाउँपालिकाको संक्षिप्त परिचयः

(क) भौगोलिक अवस्था:नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार मिति २०७३ फाल्गुण २७ गते राजपत्रमा प्रकाशित गरी नुवाकोट जिल्लाका साविकका गाविसहरु साल्मे, भाल्चे, काहुले, फिकुरी र मनकामनालाई समेटी किस्पाङ गाउँपालिका बनेको हो ।यो गाँउपालिको त्रिशुली नदीबाट उत्तरमा अवस्थितरहेको छ ।समुन्द्र सतहबाट ६२५ मिटर देखि करिब ४२०० मिटर उचाई सम्म फैलिएको यस गाउँपालिकाको क्षेत्रफल ८२.५७ वर्ग कि.मी. रहेको छ। गाउँपालिकाको प्रोफाइल (२०७५) बमोजिम जनसंख्या १९,८८५ रहेको छ ।यस क्षेत्रको ८० प्रतिशत भाग भिरालो तथा पहाडी भाग रहेको छ भने बाँकी २० प्रतिशत बेशी तथा मैदान रहेको छ। हालको संरचना अनुसार गाउँपालिकामा ५ (पाँच) वटा वडाहरु रहेका छन्। गाउँपालिकाको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः



तालिका२.१:*किस्पाङ गाउँपालिकाको संक्षिप्त जानकारी*

समावेश भएका साविक गा.वि.स.हरु	साल्मे, भाल्चे, काहुले, फिकुरी र मनकामना
क्षेत्रफल (बर्ग कि.मी)	८२.५७
जनसँख्या	१९,८८५
घरधुरी (परिवार) संख्या	४,३२०
केन्द्र	साविकको काउले गा.वि.स.को कार्यालय
वडा संख्या	५ (पाँच)
गाउँपालिकाको मुख्य अर्थतन्त्र (संभावित समेत)	• कृषि तथा पशुपालन • पर्यटन • जलविद्युत

सिमाना	
पूर्व	रसुवा जिल्लाको उत्तरगया गाउँपालिका
पश्चिम	म्यागङ गाउँपालिका
उत्तर	खनियावास गाउँपालिका
दक्षिण	बिदुर नगरपालिका

स्रोतः किस्पाङ गाउँपालिकाको प्रोफाइल, २०७५ तथा वेभसाइट www.kispangmun.gov.np

(ख) भू–उपयोगःकुल ८२.५७ वर्ग कि.मी (८,२५७ हेक्टर) मा फैलिएको किस्पाङ गाउँपालिकाको भू-उपयोग देहाय बमोजिम रहेको छः

तालिका २.२: *भू-उपयोगको विवरण*

भू-उपयोगको प्रकार	हेक्टर	प्रतिशत (%)
खेतीयोग्य जमिन	२,१४२	२५=९४
बन तथा चरण क्षेत्र	२,४६४	२९=८४
आवास, नदिनाला, तालतलैया आदि ।	३,६५१	४४=२२
जम्मा	**८,२५७**	**१००.००**

स्रोतः गाउँपालिका प्रोफाइल, २०७५ बमोजिम खेतीयोग्य जमिन, बन तथा चरण क्षेत्रको मात्र विवरण उल्लेख भएकोले बाँकी हुन आउने क्षेत्रफल आवास, नदिनाला, तालतलैया आदिमा राखिएको ।

(ग) सामाजिक अवस्थाःतामागं जातिको बाहुल्यता रहेको (७६.८५ प्रतिशत) किस्पाङ गाउँपालिकाको क्षेत्रमा ब्राम्हण, क्षेत्री, घले, दलित समुदायको मिश्रित वस्ती, विविध भाषा, संस्कृति र रहनसहन रहेको छ। गाउँपालिकाको प्रोफाइल, २०७५ अनुसार यस क्षेत्रमाअवस्थित ४,३२१ घरधुरीमा बसोबास गर्ने कुल जनसङ्ख्या १९,८८५ रहेको देखिन्छ। तथ्याङ्कलाई हेर्दा पुरुषको तुलनामा महिलाको जनसङ्ख्या भने कम देखिन्छ। यसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका २.३:*किस्पाङ गाउँपालिकाको क्षेत्रफल, जनसंख्या र घरधुरीको विवरण*

वडा नं	क्षेत्रफल (वर्ग कि.मि.)	घर परिवार संख्या	पुरुष	महिला	जम्मा	जनघनत्व	मुख्य वस्तीहरु	समावेश भएका साविक गाविस तथा वडाहरु
१	२९.५७	१,०९२	२,४०३	२,३४७	४,७५०	१६१	भाल्चे, नुचेत, डिकेप	भाल्चे गाविसका ९ वटै वडाहरु
२	७.९९	७८१	१,८००	१,८४३	३,६४३	४५६	सातदोवाटे, ताजी	फिकुरी गाविसका ९ वटै वडाहरु
३	९.४१	८३४	२,००५	२,०२७	४,०३२	४२८	डाडाथोक, काउले हटिया, उपल्लेथोक, दावाचेत	काउले गाविसका ९ वटै वडाहरु
४	२५.३४	५५२	१,६०९	१,४४७	३,०५६	१२१	गुन्सा,	साल्मे

वडा नं	क्षेत्रफल (वर्ग कि.मि.)	घर परिवार संख्या	पुरुष	महिला	जम्मा	जनघनत्व	मुख्य वस्तीहरु	समावेश भएका साविक गाविस तथा वडाहरु
							ठुलोगाँउ, घले गाँउ	गाविसका ९ वटै वडाहरु
५	१०.२७	१,०६२	२,२९२	२,११२	४,४०४	४२९	शान्तीबजार , मानेगांउ, कार्की गाँउ, अर्चले	मनकामना गाविसका ९ वटै वडाहरु
जम्मा	**८२.५८**	**४,३२१**	**१०,१०९**	**९,७७६**	**१९,८८५**	**२४१**		

स्रोत: गाउँपालिका प्रोफाइल २०७५

(घ) पूर्वाधारको अवस्था:

(अ) यातायात तथा सञ्चार : नुवाकोट जिल्लाको सदरमुकाम विदुर देखि २७ कि.मी उत्तरतर्फको दुरीमा किस्पाङ गाउँपालिकाको केन्द्र रहेको छ ।सवै वडाबाट गाउँपालिकाको केन्द्रसम्म कच्ची/मौसमी सडकको पहुँच रहेको छ। वडा नं १, २ र ३ बाट गाउँपालिकाको केन्द्र पुग्न १ घण्टा लाग्छ भने (३ देखि ६ कि.मी सम्मको दुरी)वडा नं ४ र ५ बाट बढीमा २ घण्टामा पुग्न सकिन्छ (७ देखि ११ कि.मीको दुरीमा)। गाउँपालिकाका सवै वडाहरुमा २४ कि.मी लम्बाई कच्ची/मौसमी सडक रहेको छ, जस्को औसत चौडाई ३.५ मिटर रहेको छ भने वडा नं १,२, ३ र ५ मा अवस्थित कुल १७ कि.मी कच्ची तथा धुले सडक (औसत चौडाइ ४ मि) रहेको छ। भाल्वेबाट दैनिक रुपमा काहुले, सातदोबाटो, मानेडाँडा हुँदै काठमाण्डौसम्म २ वटा सवारीसाधनको आवतजावत हुन्छ भने ताजीबाट पनि सोही रुट हुँदै दैनिक १ वटा सवारी साधन त्रिशुलीसम्म सञ्चालनमा रहेका छन्।

(आ) विद्युत सेवा: यस गाउँपालिकामा ग्राहस्थ लाइन संख्या ४,२४७ रहेको छ, जुन कुल घरपरिवार संख्याको ९८.२८ प्रतिशत रहेको छ। करिब सवै घरधुरीमा बिजुली पुगि सकेको छ। यस गाउँपालिकामा तीनवटा जलविद्युत योजना रहेका छन्। ६० मेगावाट क्षमताको राष्ट्रियस्तरकै चर्चित त्रिशुली थ्री ए जलबिद्युत आयोजना जस्को निर्माण कार्य अन्तिम चरणमा रहेको छ भने ३७ मेगावाट क्षमताको त्रिशुली थ्री बि जलविद्युत आयोजना निर्माणाधीन अबस्थामा रहेको छ। हालै निर्माण कार्य प्रारम्भ भै रहेको ५५ मेगावाट क्षमताको मध्यगंगा जलविद्युत आयोजनाको हेडगेट समेत यसै गाउँपालिका भित्र रहेको छ।

(इ) सञ्चार सेवा: संचारको लागि यस गाउँपालिकामा ३,८८९ अर्थात ९० प्रतिशत घरपरिवारमा मोवाइलको सुविधा पुगेको छ। इण्टरनेट सुविधा भएका घर परिवार संख्या ३१ मात्र रहेको छ।

(ई) खानेपानी तथा सरसफाई: यस गाउँपालिका क्षेत्रमा रहेका घरधुरीले विभिन्न खानीपानीको स्रोत मार्फत पानीको प्रयोग गर्दै आएका छन्। कुल घरधुरी मध्ये ४१.६३ प्रतिशत अर्थात १,७९९ घरधुरीहरुमा नीजि धारा मार्फत पानीको प्रयोग हुँदै आएको छ भने ५३.६३ प्रतिशत अर्थात २,३१८ घरधुरी सार्वजनिक धारा प्रयोग गरी खानेपानीको व्यवस्थापन गर्दै आएका छन्। बाँकी घरधुरीले मूलको पानी, नदिनाला अन्यबाट प्रयोग गर्ने गरेका छन् ।कुल जनसंख्याको अधिकांश चर्पीमा पहुच रहेको छ। अर्थात चर्पीमा पहुँच हुने जनसंख्या १९ हजार रहेको छ।

Commented [NS1]: Make it uniform HH

(ङ)शैक्षिक अवस्था : किस्पाङ गाउँपालिकामा १ वटा बहुमुखी क्याम्पसका साथै ६ वटा माध्यामिक विद्यालय एउटा प्राविधिक धारको विद्यालय, १५ वटा आधारभूत विद्यालय गरी जम्मा २१ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । नीजि क्षेत्रबाट ३ वटा विद्यालयहरु समेत सञ्चालनमा रहेका छन् । गाउँपालिकाको कुल साक्षरता दर ७९.८० प्रतिशत रहेको छ जस्मा पुरुष साक्षरता दर (७७.२६ प्रतिशत) भन्दा महिला साक्षरता दर (७५.१९ प्रतिशत) केही प्रतिशतले कमी देखिन्छ ।

Commented [NS2]: See annual book

(च) स्वास्थ्य सेवा : गाउँपालिका क्षेत्र भित्र ६ वटा स्वास्थ्य चौकी, ६ वटा बर्थिगं सेण्टर र ६ वटा टि.बी उपचार केन्द्र रहेका छन् । ४५ जना महिला स्वयंसेविकाले समेत स्वास्थ्य सेवा पुऱ्याइरहेको अवस्था छ । गाउँपालिकामा न्यूनत्तम रुपमा MBBS पास गरेका डाक्टरको आवश्यकता महसुस गरिएको छ ।

(छ). वितीय संस्था: यस गाउँपालिकाको वडा नं ३ मा १ वटा वाणिज्य बैंक तथा २ वटा लघुवित्त संस्था रहेका छन् । सवै वडाहरुमा कुल १५ वटा सहकारीहरु सञ्चालनमा रहेका छन् । यी वित्त संस्थाहरुले गाउँपालिका क्षेत्र भित्र कारोबार गर्दै आएका छन् ।

(ज) प्राकृतिक सौन्दर्यता, धार्मिक तथा पर्यटकीय स्थलहरु : किस्पाङ गाउँपालिका क्षेत्र भित्र मुख्यतः मनकामना मन्दिर, शिव मन्दिर र लुम्बुडाडा गरी तीन वटा मन्दिर रहेका छन् भने तल्लो थोक, मेरचेत र किस्पाङ गरी तीन वटा गुम्बा रहेका छन् । यसका अलावा यस क्षेत्रमा ४ वटा चर्चहरु रहेका छन् । धार्मिकस्थलका साथसाथै प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण घना जंगल, अनकन्टार भिरपाखा देखि समथर खेतीयोग्य भूभाग समेत यस क्षेत्रमा रहेका छन् । गाउँपालिका भित्र मनोरम हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिने फिकुरी डाँडा, रमणीय पानसय खोला, भेडा फार्म लगायत अन्य प्रशस्त मनमोहक स्थानहरु रहेका छन् । भाल्चे गोङगा भञ्ज्याङ्ग, रुपचेत सिङला, गणेश हिमाल हुँदै गोरखाको आरुघाट र रसुवाको सोम्दाङ पर्यटकीय पथमार्ग समेत रहेको छ । सामाजिक, सांस्कृतिक एवं प्राकृतिकरुपमा धनी रहेको यस गाउँपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्नका लागि पूर्वाधार विकासमा लगानी गर्नुपर्ने देखिन्छ ।

(झ). बन, कृषि तथा सिंचाइ:: यस किस्पाङ गाउँपालिकाको कुल क्षेत्रफल मध्ये २९.८५ प्रतिशत अर्थात २,४६४ हेक्टर जमिन बन तथा चरण क्षेत्र रहेको छ । कुल ३२ वटा सामुदायिक वनले यो क्षेत्रफल ओगटेको छ । गाउँपालिका क्षेत्र भित्र २५.९४ प्रतिशत अर्थात २,१४२ हेक्टर जमिन खेतीयोग्य रहेको छ, । खेतीयोग्य जमिन मध्ये १,००६ हेक्टर जमिन सिंचित रहेको छ भने बाँकी अंसिचित जमिन रहेको छ । सालैभर सिंचित हुने जमिनको क्षेत्रफल ३३५ हेक्टर रहेको छ भने बाँकी ६७१ हेक्टर जमिनमा मौसमी सिंचित हुने गरेको छ । वडा नं १ मा अवस्थित गैंसाखर्क सिचाई, वडा नं ३ मा रहेको तल्लो थोक सिचाई र खुर्ल सिचाई लगायत वडा नं र ५ मा रहेका सालिमभित्ता अर्चले सिचाई, पुरानो गाउँ सिचाई, सिरुपानी भंगाले सिचाई, भण्डारे अर्चले सिचाई तथा खोलेबेंशी सिचाई प्रमुख सिचाईको स्रोतको रुपमा रहेका छन् । ९२ प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि रहेको छ । प्रमुखरुपमा अन्नबालीका साथै तरकारीमा आलु उत्पादन हुने गर्दछ । गाउँपालिकाको साल्मे, भाल्चे र काउले क्षेत्रमा चिया तथा अलैंचीलाई व्यवसायिक खेतीको रुपमा अगाडी बढाउन सकिने सम्भावना रहेको छ ।

(ञ) गाउँपालिका भित्र भएका आर्थिक गतिविधिहरु: यस गाउँपालिकाका वासिन्दाहरुको मुख्य पेशा कृषि नै हो । खाद्यान्न, तरकारी र पशुपन्छीहरु नै यहाँको जिविकोपार्जनको मूख्य आधार हो । यसका अलावा साना व्यवसाय, ज्यामी तथा बैदेशिक रोजगार समेत अहिलेको आम्दानीको स्रोत बनेको छ ।

गाउँपालिकाको प्रोफाइल बमोजिम यस गाँउपालिका भित्र वैदेशिक रोजगारीबाट लगभग रु पैतिस करोड रुपैया रेमिटान्स मार्फत भित्रिने गरेको छ। मासिक रु १० हजार भन्दा कम आय हुने परिवार संख्या ४४ रहेको छ भने रु १० हजार देखि १५ हजारसम्म मासिक आय हुने घरपरिवार संख्या २१७ रहेको छ। रु १५ देखि २५ हजारसम्म र रु २५ हजार भन्दा बढी मासिक आय हुने घरपरिवार संख्या क्रमशः ३,१५४ र ९०६ रहेको छ। यस गाउँपालिका क्षेत्रमा४०९ वटा व्यवसायीहरु रहेका छन्। कुल १,०९० जना व्यक्ति साना तिना व्यापार व्यवसायमा संलग्न रहेका छन्, जसमध्ये ६२२ जना पुरुष र ४६८ महिला रहेका छन्।[१] भाल्चे बजार, काउले बजार, सातदोबाटे बजार र शान्ती बजार यस गाउँपालिकाको प्रमुख बजार केन्द्रका रुपमा रहेका छन्।

यस गाउँपालिकामा राष्ट्रियस्तरकै चर्चित र निर्माणको अन्तिम चरणमा रहेको ६० मेगावाट क्षमताको त्रिशुली थ्री ए जलबिद्युत आयोजना, निर्माणाधीन अवस्थामा रहेको ३७ मेगावाट क्षमताको त्रिशुली थ्री बि जलविद्युत आयोजना रहेको छ। हालै निर्माण कार्य प्रारम्भ भै रहेको ५५ मेगावाट क्षमताको मध्यगंगा जलविद्युत आयोजनाको हेडगेट समेत यसै गाउँपालिका भित्र रहेको छ। राष्ट्रको गौरवको रुपमा रहेको त्रिदेशीय ब्यापरिक मार्गको रुपमा रहने गल्छी रसुवागढी मार्ग समेत यस गाउँपालिका हुदै गएको छ। यस भित्र यथेष्ट मात्रामा रहेका प्राकृतिक स्रोतहरुको उचित उपयोग भएमा भविष्यमा आन्तरिक आम्दानीका स्रोतमा वृद्धि हुने सम्भावना देखिन्छ।

प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण घना जंगल, अनकन्टार भिरपाखा देखि समथर खेतीयोग्य भूभाग समेत रहेको यस गाउँपालिका भित्र मनोरम हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिने फिकुरी डाँडा, रमणीय पानसय खोला, भेडा फार्म लगायत अन्य प्रशस्त मनमोहक स्थानहरु रहेका छन्। भाल्चे गोङगा भञ्ज्याङ्ग, रुपचेत सिङला, गणेश हिमाल हुँदै गोरखाको आरुघाट र रसुवाको सोम्दाङ पर्यटकीय पथमार्ग समेत रहेको छ। सामाजिक, सांस्कृतिक एवं प्राकृतिकरुपमा धनी रहेको यस गाउँपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्नका लागि पूर्वाधार विकासमा लगानी गर्नुपर्ने देखिन्छ। साथै कृषि पशुपालन क्षेत्रलाई समेत व्यवसायिक रुपमा लैजान सके यहाँको आर्थिक विकास र जीवनस्तर उकास्न मद्दत पुग्ने देखिन्छ।

(ट) विकासका लागि कम्जोर, अवसर तथा चुनौतीहरु :

(अ) ***कम्जोर पक्षः*** बिकासको विविध सवल पक्ष रहदा रहदै,यूवा शक्तिलाई गाउँपालिका भित्र नै रोजगरी प्रदान गर्न नसक्नु, वेरोजगार यूवा जनशक्तिलाई बैदेशिक रोजगारीको उचित विकल्प प्रदान गर्न नसक्नु, प्राकृतिक श्रोत र साधनको उचित प्रयोग गरी समग्र विकासको प्रक्रियामा सामेल गराउन नसक्नु, भिरालो धरातलका कारण उचित बस्ती ब्यवस्थापन हुन नसक्नु, भौगोलिक विकट्ताको कारण द्रुत रुपमा पूर्वाधार विकास गर्न नसक्नु, उर्वर जमिनमा सिचाई अभावका कारण कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धि गर्न नसक्नु, एंव कृषिमा आर्षित ब्यक्तिलाई ब्यवसायिक कृषिमा उन्मुख गराउन नसक्नु जल उत्पन्न प्रकोप नियन्त्रण, एवं सुचना र प्राविधीको क्षेत्रमा नयाँ प्रयोग गर्न नसक्नुहाम्रा कमजोर पक्षको रुपमा रहेका छन। त्यस्तै बेदेशिक रोजगारबाट प्राप्त विप्रेशण (रेमिटेन्स) लाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न नसक्नुर बैदेशिक रोजगारबाट फर्केको दक्ष जनशक्तिलाई उसले प्राप्त गरेका सिप र दक्षतालाई प्रयोग गर्ने अवसर दिलाई आर्थिक उपार्जनमा उन्मुख गराउन नसक्नु यस गाउँपालिकाको कमजोर पक्ष रहेका छन्।

(आ) ***अवसरहरुः***भौगोलिक विविधताको उचित प्रयोग गरी उत्पादनको बृद्धि,आय आर्जनको नयाँ अबसरको सृजना, प्राकृतिक स्रोत र साधन, जडिवुटी र जलाधारको उपयोग गरी जिवनस्तर बृद्धि गर्ने,प्राप्त विप्रेषण (रेमिटेन्स) लाई उचित स्थानमा लगानी गरी विकासमा टेवा

१ National Economic Census 2018 (GoN/NPC/CBS, August 2020)

पुऱ्याउने, विकासका विभिन्न साझेदारलाई पूर्वाधार एंव आर्थिक विकासमा संचालन गराउने, बैदेशिक रोजगारी एंव आर्थिक विकासमा संचालन गराउने, वैदेशिक रोजगारीबाट प्राप्त उद्यमशिलता, प्रविधि र ज्ञानलाई समग्र गाउँपालिकाको विकासमा समाहित गर्ने, पराम्परागत खेती तथा पशुपालन पद्धतिलाई ब्यवसायिक तथा आधुनिकिरण गर्दै लैजाने, निजी क्षेत्र संग सहकार्य गरी पर्यटन पुर्वाधार निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षणगराउन सक्ने अवसर रहेको छ ।

(इ) ***चुनौति:*** :भुकम्पबाट अवरुद्ध हुन गएको विकास प्रक्रिया र कोभिड १९ का कारण आर्थिक तथा सामाजिक क्षेत्रमा देखिएका व्यबधानका बिच राजस्वका दायरा र दर बढाई संकलन गर्न निकै चुनौतिपूर्ण कार्य देखिन्छ। भौगोलिक बिकटतासँगै गाउँपालिकाको सीमित जनशक्ति मार्फत सवैलाई करको दायरामा ल्याई कर तिर्न लगाउन समेत उत्तिकै चुनौतिपूर्ण देखिन्छ। यसका अलावा विकासको कार्यक्रमसँगसँगै सेवा विस्तार गरी जनताको जिवनस्तरको सुधार गर्दै नागरिक मैत्री एंव बातावरण मैत्री बनाउन, निर्वाहमुखी कृषिलाई व्यवसायिक वनाउन, सचेत नागारिक निर्माण गर्न, जनस्तर सम्म शिक्षाको पहुँच पुऱ्याउन, सुखी र सम्पन्न परिवार वनाउन, आवश्यक प्रविधिको विकास जनस्तर सम्म पुऱ्याई गरिवी उन्मुलन गराउन, लैङ्गिक समानता र समावेशी बनाउन साथै जलवायू परिवर्तन अनुकुल स्थानीय विकासका लागि गर्नु पर्ने कार्यहरु समेत यस गाउँपालिकाका लागि चुनौतिका विषयहरु रहेका छन् ।

२.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

यस गाउँपालिकाको संगठन संरचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको २५ हजारसम्म जनसंख्या भएको अनुसार रहेको छ। गाउँपालिकाको संगठन संरचना अनुसारका विषयगत शाखाहरु गाउँपालिका स्तरमा रहेका छन् । हाल गाउँपालिकास्तरमा २७ जना कर्मचारीहरु रहेका छन् भने वडास्तरीय सेवाप्रवाहका लागि ५ वटा वडा कार्यालयहरु, सेवाकेन्द्र र सेवाप्रवाह ईकाईहरु, विद्यालय, समिति आदि रहेका छन् । तथापि गाउँ कार्यपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरुको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग रहेको छ ।


गाउँसभा
लेखा, विधायन, सुशासन तथा अन्य समिति
गाउँकार्यपालिका
आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
अध्यक्ष
उपाध्यक्ष
न्यायिक समिति
प्रमुख प्रशासकीय अधिकृत
रा.प.तृतीय-१
प्रशासन, योजना तथा अनुगमन शाखा
प्रशासन इकाइ
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
आर्थिक प्रशासन इकाइ
ले.पा. रा.प.अनं.प्र (लेखा) -१
सहले.पा.रा.प.अनं.द्वि/सहायक पाँचौं/चौथो-१
राजस्व इकाइ
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
योजना तथा अनुगमन इकाइ
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
कानुनी मामिला ईकाई :
ना.सु. रा.प.अनं.प्र.(प्रशासन/न्याय)/अधिकृत छैठौं/ सहायक पाँचौं-१
वडा कार्यालय
ना.सु.,रा.प.अनं.प्र(प्र)/खरिदार रा.प.अनं.द्वि(प्र)/अधिकृत छैठौं/सहायक पाचौं/चौथौं-१
सब.इन्जि रा.प.अनं.प्र (प्रा) / अधिकृत छैठौं/सहायक पाँचौं/अ.सब.ईन्जि/सहायक चौथो-१
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा
ईन्जिनियर (रा.प.तृ. प्रा) (सिभिल, जनरल/वि.आ./स्यानीटरी/सिंचाई/हाईवे) वा अधिकृत (ईन्जि.) (छैठौं/सातौं/आठौं)-१
सडक तथा अन्य पूर्वाधार विकास इकाइ
सब-ईन्जि, रा.प.अनं.(प्रा.)(सिभिल,जनरल) वा ईन्जिनियर छैठौं/सब ईन्जि. पाचौं-१
भवन तथा मापदण्ड कार्यान्वयन इकाइ
सब-ईन्जि.(आर्किटेक्ट वा सिभिल),रा.प.अनं.प्र (प्रा.) वा ईन्जिनियर छैठौं/सब ईन्जि. पाचौं-१
वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन इकाइ
ना.सु. रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं-१
सामाजिक तथा आर्थिक विकास शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)वा अधिकृत छैठौं/सहायकपाँचौं -१
सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई
ना.सु. रा.प.अनं.प्र/अधिकृत छैठौं/सहायकस्तरपाँचौं -१
महिला, बालबालिका तथा समाज कल्याण इकाइ
ना.सु. रा.प.अनं.प्र./म.वि.नि./स.म.वि.नि./रा.प.अनं.द्वि.प्र.वा सहायक पाँचौं/चौथो -१
-प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी
-पर्यटन केन्द्र
-घरेलु तथा साना उद्योग
-कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
-अन्य
शिक्षा, युवातथा खेलकुद शाखा
शा.अ. (शिक्षा/प्रशासन) रा.प.तृ. वा अधिकृत (छैठौं/सातौं/आठौं) -१
प्रा.स./ना.सु. (रा.प.अनं.प्रथम) वा सहायक पाँचौं -१
बाल विकास केन्द्र
विद्यालय
खेलकुद समिति/केन्द्र
युवा विकास समिति
स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र आदि
आन्तरिक लेखा परिक्षण एकाई
आन्तरिक लेखा परिक्षक,रा.प.अन प्रथम/सहायक पाचौं-१

३ : गाउँपालिकाको स्वीकृत संगठनात्मक तथा मानव संसाधन स्वरूप

हालको कर्मचारीको विवरण देहाय बमोजिम रहेको छ ।

तालिका २.४ *:किस्पाङ गाउँपालिकाको कर्मचारीहरुको विवरण र अवस्था (दरबन्दी बमोजिम कार्यरदत पद)*

क्र.सं.	नाम	पद	कार्यालय/शाखा	कैफियत
१	खुम बहादुर घर्ती	प्रमुख प्रशासकिय अधिकृत	प्रशासन	
२	सबिना अर्याल	लेखा अधिकृत	लेखा	
३	चक्र बहादुर शाही	स्वास्थ्य संयोजक	स्वास्थ्य	
४	ई. मोतिमाया तामाङं	सूचना तथा सञ्चार प्रबिधि अधिकृत	सूचना तथा सञ्चार प्रबिधि	
५	चक्र साउद	शिक्षा अधिकृत	शिक्षा	
६	सन्तोष श्रेष्ठ	इन्जिनियर	प्राविधिक	
७	मालती आचार्य	रोजगार संयोजक	रोजगार सेवा केन्द्र	
८	निरनमान डंगोल	शिक्षा संयोजक	शिक्षा	
९	हरि प्रसाद प्याकुरेल	सहायक पाँचौ	योजना/प्रशासन	
१०	राम प्रसाद नेपाल	सव इन्जिनियर	प्राविधिक	
११	सुमन देवकोटा	लेखापाल	लेखा	
१२	किरण भट्टराई	आ.ले.प. सहायक	लेखा	
१३	चुणामणि भट्टराई	प्राविधिक सहायक	शिक्षा	
१४	पुनम घिमिरे	कम्प्युटर अप्रेटर	प्रशासन	
१५	श्री कृष्ण भट्ट	MIS Operator	पञ्जिकरण	
१६	बुद्ध लामा	प्राविधिक सहायक	रोजगार सेवा केन्द्र	
१७	चन्द्र बहादुर तामागं	कार्यालय सहायक	जिन्सी	
१८	ज्ञानेन्द्र गिरी	कृषि प्राविधिक	कृषि विकास	
१९	श्रीकृष्ण बजगाई	पशु प्राविधिक	पशु सेवा	
२०	करण मोक्तान	फिल्ड सहायक	पञ्जिकरण	
२१	मान बहादुर न्यौपाने	कार्यालय सहयोगी	गा.पा.	
२२	छ्योनर्पु घले	कार्यालय सहयोगी	गा.पा.	
२३	सिंह बहादुर तामाङ	चौकिदार	गा.पा.	
वडा नं १, भाल्चे				
२४	अटल प्रकाश पुरी	सहायक पाचौ (वडा सचिव)	वडा कार्यालय	
२५	अनुसंगम भण्डारी	अ.सव इन्जिनियर	वडा कार्यालय	
२६	ग्याल्बो घले	कार्यालय सहयोगी	वडा कार्यालय	
वडा नं २, फिकुरी				
२७	सुमना के.सी.	सहायक पाचौ (वडा सचिव)	वडा कार्यालय	
२८	युवराज ढकाल	सव इन्जिनियर	वडा कार्यालय	
२९	फुल प्रसाद भट्ट	कार्यालय सहयोगी	वडा कार्यालय	

क.सं.	नाम	पद	कार्यालय/शाखा	कैफियत
		वडा नं ३, काहुले		
३०	चन्द्र बहादुर तामाङ	सहायक पाचौ (वडा सचिव)	वडा कार्यालय	
३०	राज कुमार ओझा	अ.सव इन्जिनियर	वडा कार्यालय	
३१	सुनितामाया तामाङ	कार्यालय सहयोगी	वडा कार्यालय	
३२	रौसी तामाङ	कार्यालय सहयोगी	वडा कार्यालय	
		वडा नं ४, साल्मे		
३३	राम बहादुर सापकोटा	सहायक पाचौ (वडा सचिव)	वडा कार्यालय	
३४	गोपाल ओली	खा.पा.स.टे	वडा कार्यालय	
३५	वाङजेन घले	कार्यालय सहयोगी	वडा कार्यालय	
		वडा नं ५, मनकामना		
३६	रंजिता श्रेष्ठ	सहायक पाचौ (वडा सचिव)	वडा कार्यालय	
३७	शंकर ओली	खरिदार	वडा कार्यालय	
३८	रुपा रोक्का	अ.सव इन्जिनियर	वडा कार्यालय	
३९	सोम बहादुर घले	कार्यालय सहयोगी	वडा कार्यालय	
		पूर्णिमा कार्यक्रम अन्तर्गत		
१	निरक बहादुर सुनार	योजना तथा सुशासन सल्लाहकार		
२	प्रमोद खरेल	इन्जिनियर		

उपरोक्त बाहेक विभिन्न वडामा रहेका ६ वटा स्वास्थ्य चौकीमा ३८ वटा कर्मचारीहरु कार्यरत रहेका छन् भने एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत श्री ऐसेलुभुमे मा.वि. मा १ जना विद्यालय नर्स कार्यरत रहेको छ। कुल सबैजना गरी ८० जना कर्मचारीहरु गाउँपालिकामा कार्यरत रहेका छन्।

२.३ राजस्व प्रशासनको वर्तमान अवस्था

हालको कर्मचारी विवरणलाई हेर्दा गाउँपालिका अन्तरगत राजस्व इकाईको संस्थागत संरचना व्यवस्था भएको पाइदैन। अन्य गाउँपालिकामा झैं यस गाउँपालिकामा पनि लेखा शाखाका कर्मचारीलाई राजस्व सम्वन्धी कार्य गर्ने गरी तोकिएको छ। गाउँपालिकामा संघीय कार्यक्रम अन्तर्गत प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र पञ्जीकरण सम्बन्धी कर्मचारीहरु कार्यरत रहेका छन्।

सेवाप्रवाह स्तरमा कृषि र पशु विकास तथा स्वास्थ्य सम्बन्धी सेवाकेन्द्रहरु र स्वास्थ्य चौकी तथा केन्द्रहरु, विभिन्न सेवाप्रवाह गर्ने ईकाईहरुमा समेत मानवीय जनशक्ति कार्यरत रहेका छन्।

वडा कार्यालयहरुबाट पनि राजस्व संकलन गर्ने कार्यको थालनी भएता पनि प्रभावकारी हुन सकेको छैन। राजस्व संकलनका लागि गाउँपालिकाले सफट्वेर प्रयोगमा ल्याएको छैन। सक्षम तथा प्रभावकारी राजस्व प्रशासन कुनैपनि गाउँपालिकाको राजस्व परिचालनको एउटा प्रमुख आधार हो।

राजस्व प्रशासन चक्र र प्रक्रिया

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै

क. नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली निर्णयहरु निर्माण तथा पुराना काम नलाग्ने निर्णयहरुको खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्),

ख. करदाताहरुको गणना र दर्ता (राजस्वको नक्साँकन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण),

ग. राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामुलक गोष्ठीहरुको आयोजना),

चित्र नं. ४ :राजश्व परिचालन प्रक्रिया र चक्र

घ. कर संकलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार, आम संचारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजना),

ङ. कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर संकलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि), र च. अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन -गाउँपालिकाको सेवा र राजस्वको आबद्धता, राजस्व संकलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक

खुडकिलामा गाउँपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

२.४ राजस्व परिचालन सम्बन्धी प्रयासहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्न यस गाउँपालिकामा समेत ऐन बमोजिम उपाध्यक्षको संयोजकत्वमा स्थानीय राजस्व परामर्श समितिको गठन भएको पाइन्छ ।

गाउँपालिका उपाध्यक्ष श्री मायादेवि न्यौपानेको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ (जस्तैः राजस्वको लक्ष्य, संकलन, वार्षिक राजस्व अनुमान आदि)। बैठकमा निजीक्षेत्रबाट गर्ने प्रतिनिधित्व हुन नसकेको देखिएकाले सोको लागि जिल्ला उद्योग वाणिज्य संघ र घरेलु उद्योग संघसँग समन्वय गरी स्थानीय प्रतिनिधित्वका लागि समन्वय गर्न जरुरी देखिन्छ। साथै राजस्व परामर्श समितिका सदस्यहरुलाई राजस्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्ने कार्य हालसम्म हुन सकेको देखिदैन । तथापि पनि यस गाउँपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा आ.व. ०७७७८ मा लिएका नीतिहरु यसप्रकार रहेका छन् :

(१) नीजि क्षेत्रको विकासका लागि उद्योग वाणिज्य संघ, लघु उद्यमी संघ जस्ता संस्थागत संरचना पालिकास्तरमा स्थापना गर्न स्थानीय उद्यमी तथा व्यापारीसँग अन्तरक्रिया गर्ने र नुवाकोट उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ। विकास साझेदारको सहयोगमा साना तथा मझौला उद्यमीहरुको अभिलेख राखी प्रोफाइल तयार गरिनेछ ।

(२) स्थानीय कच्चा पदार्थ र स्रोतको उपयोग गर्दै दुग्धजन्य पदार्थ उत्पादन, बेकरी, चाउमिन, बाँसका सामग्री, राडीपाखी तथा मौलिक संस्कृतिसंग जोडिएका सामाग्रीहरुको लघु उद्यम व्यबसायलाई प्रबर्द्धन गर्न, दर्ता तथा नबिकरण कार्यमा सहज बनाउन आबश्यक पहल गरिनेछ ।

(३) उद्योग बाणिज्य संघ संग सहकार्य गरी व्यबसाय दर्ता, कर प्रणाली आदिको विषयमा सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ। आगामी बर्ष व्यबसाय दर्तालाई अभियानको रुपमा संचालन गरिनेछ ।

(४) स्थानीय सरकारको क्षेत्र भित्रका करका आधार फराकिलो पार्दै राजस्व वृद्धि गर्न कर तथा गैर कर राजस्वको अधिकत्तम परिचालन गर्ने नीति लिइनेछ ।

(५) गाउँपालिकाले राजस्वको दर भन्दा दायरा बढाउने नीति अवलम्बन गरिनेछ। आगामी आ.व. मा व्यवसाय कर योजनालाई समेटेर विकास साझेदारसँग सहकार्य गरी राजस्व सुधार कार्ययोजना बनाई सञ्चालनमा ल्याइनेछ ।

(६) कोभिड १९ का कारण व्यवसायी तथा अन्य करदाताहरुको समस्यालाई ध्यानमा राखी राजस्व संकलनका मापदण्डहरु तय गरिनेछ ।

(७) आम जनता र व्यवसायीलाई राजस्वको महत्व बारे जनचेतना वृद्धि गर्न कर शिक्षामा बिशेष जोड दिइनेछ ।

२.५ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

किस्पाङ गाउँपालिकाको वडा नं.३ को काहुलेमा अवस्थित कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा लगायत केन्द्रहरु संचालनमा रहने छन् । । वडा नं ३ स्थित काहुलेमा सार्वजनिक जग्गा समेत रहेको छ, जुन गाउँपालिकाको स्वामित्वमा रहेको छ । त्यसैगरी वडा नं १ भाल्चेमा पाँचसय खोला भेडा फार्मको स्वामित्वमा सार्वजनिक जग्गा रहेको छ । गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा हकभोगमा रहेका जग्गा तथा भवनहरूको अभिलेख नियमित अद्यावधिक गरी यी जग्गाहरुलाई उपयोग गरी गाउँपालिकाले रोजगारी सृजनाका साथै आन्तरिक आय अभिवृद्धि गर्न सक्दछ । सार्वजनिक सम्पत्तिको अभिलेख सँगसँगै सोको मूल्यांकन गरी मूल्यांकनका आधार तथा आन्तरिक राजस्वका आधारमा समेत वित्तीय संस्थाबाट ऋण लिई थप आयमुलक विकासका कार्य गर्न सकिने हुँदा सार्वजनिक सम्पत्तिको अभिलेख, उपयोग र व्यवस्थापनमा जोड दिनु आवश्यक रहेको छ ।

परिच्छेद- तीन : गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्डजरिवाना संकलन गर्न सक्नेछन। राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.१: *तहगत सरकारको राजस्व अधिकार*

संघ	प्रदेश	स्थानीय	साझा
• भन्सार • अन्तःशुल्क • मूल्य अभिवृद्धि कर • संस्थागत आयकर • व्यक्तिगत आयकर • पारिश्रमिक कर • राहदानी शुल्क • भिसा शुल्क • पर्यटन दस्तुर • सेवा शुल्क दस्तुर • दण्ड जरिबाना	• घरजग्गा रजिष्ट्रेशन शुल्क, • सवारी साधन कर • मनोरञ्जन कर • विज्ञापन कर • पर्यटन • कृषि आयमा कर • सेवा शुल्क दस्तुर • दण्ड जरिवाना	• सम्पत्ति कर • घर बहाल कर • घर जग्गा रजिष्ट्रेशन शुल्क • सवारी साधन कर • सेवा शुल्क दस्तुर • पर्यटन शुल्क • विज्ञापन कर • व्यवसाय कर • भूमिकर (मालपोत) • मनोरञ्जन कर • मालपोत संकलन दण्ड जरिवाना	• सेवा शुल्क, • दस्तुर, • दण्ड जरिवाना • प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, • पर्यटन शुल्क

स्रोत : नेपालको संविधान, २०७२

३.१.२ कानुनी व्यवस्था

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी व्यवस्था रहेको छ। यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन्। यसैगरी गैरकर अन्तर्गत गाउँपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरु उपयोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन्।

चित्र नं. ५ गाउँपालिकाको राजस्व प्रकार



प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुरको दर प्रदेशले तोक्ने रस्थानीय तहलेसंकलन गर्ने प्रावधान रहेको छ। हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले प्रदेश कानून बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुरअसूल गरी त्यसको ६० प्रतिशत सम्वन्धित स्थानीय गाउँपालिका वा नगरपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाउने गरेको छ।

यसरी स्थानीय तहमा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ।

चित्र नं. ६ गाउँपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र



१. **दफा ५५** (संशोधन सहित)**सम्पत्ति कर सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ। (२) उपदफा (१) वमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाएर बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ वमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ। *स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बरावरको थप जग्गा सम्झनु पर्दछ।* (३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनुपर्नेछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

२. **दफा ५६ भूमिकर (मालपोत)ः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ। तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन।

३. **दफा ५८ व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ।

उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरण सम्बन्धी

व्यवसायको किसिम

(क) उद्योग व्यवसायः
(ख) व्यापार व्यवसाय
(ख) सहकारी व्यवसाय

- **उद्यम व्यवसायलाई दर्ता तथा नवीकरण गर्नुपर्ने**
- **उद्यम व्यवसाय दर्ता तथा नवीकरण गर्न शुल्क वा दस्तुर बुझाउनु पर्ने**
- **उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पूंजी परिवर्तन, स्थानान्तरण**

सहकारी व्यवसाय सम्बन्धी व्यवस्था

- **संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ (५)** मा उल्लेख भए बमोजिम प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न सक्ने।
- **सहकारी ऐन, २०७४ दफा २१ उपदफा १**अनुसार सहकारी संघ वा संस्थाले आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ। **उपदफा ३ को** प्रतिबन्धात्मक व्यवस्था अनुसार त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने रहेछ भने सो बमोजिम मात्र गर्नुपर्नेछ भन्ने प्रावधान रहेको छ।

४. **दफा ५९ बहाल विटौरी शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ।

५. **दफा ६१जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

६. **दफा ६२क. बिक्री गर्न सक्ने (प्राकृतिक एवं खानीजन्य वस्तु) :** खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने व्यवस्था रहेको छ ।

विक्री गर्न सक्ने (ढुंगा, गिटी, बालुवा माटोजन्य वस्तु निर्माणाधिन संरचनाहरु सबै सडक आयोजना, सिंचाई आयोजनाहरुमा समेत बिक्रि गर्न सकिने छ । त्यस्ता संरचनाहरुको लगत, इष्टिमेटलाई आधार मानी परिमाण यकिन गर्न सकिन्छ । आवश्यकता भए अन्य स्थानीय तहसँग बाँडफाँट गर्नुपर्ने हुनसक्छ ।

७. **दफा ६२ख. सामुदायिक वनबाट आय प्राप्त गर्ने :**सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

(ख) वन ऐन, २०७६

वन ऐन, २०७६**दफा २२ (१)** अनुसार सामुदायिक वन उपभोक्ता समुहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने प्रावधान छ । **दफा २२** (२) अनुसार यसरी खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समुहको हितमा प्रयोग गरिने प्रावधान छ ।

(ग) अन्तर सकारी वित्त व्यवस्थापन ऐन, २०७४

१. एकल कर प्रशासन सम्बन्धी व्यवस्था : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शिर्षकहरु निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकारक्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्वन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

***तालिका ३.२:**एकल कर प्रशासन अन्तर्गतको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँट*

करका क्षेत्रहरु	दर निर्धारण गर्ने	संकलन गर्ने तह	राजस्व बाँडफाँट (प्रतिशतमा)	
			प्रदेश	स्थानीय तह
सवारी साधन कर	प्रदेश	प्रदेश	६०	४०
रजिष्ट्रेशन शुल्क	प्रदेश	स्थानीय तह	४०	६०
मनोरञ्जन कर	प्रदेश	स्थानीय तह	४०	६०
विज्ञापन कर	स्थानीय तह	स्थानीय तह	४०	६०
अन्य सवारी साधन कर(टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा)	स्थानीय तह	स्थानीय तह		१००

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६

एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ :

- एकल कर बाँडफाँट प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नु पर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

(२) **कर राजस्व बांडफांट सम्बन्धी व्यवस्था :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ।

***तालिका ३.३ :**कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)*

श्रोतहरु	संघ	प्रदेश	स्थानीय तह
मूल्य अभिबृद्धि कर (भ्याट)	७०	१५	१५
अन्तशुल्क	७०	१५	१५

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजस्वको बाँडफाँट गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजिकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा

अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संबैधानिक व्यवस्था रहेको छ। आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ बर्षको लागि सिफारिस गरेको छ।

***तालिका ३.४** :कर राजस्वको बाँडफाँटका लागि सूचकांक (प्रतिशतमा)*

क.सं.	आधारहरु	प्रदेश	स्थानीय तह
१	जनसंख्या	७०	७०
	कूल जनसंख्या अनुपात ८०		
	आश्रित जनसंख्या अनुपात २०		
२	क्षेत्रफल	१५	१५
३	मानव विकास सूचकांक	५	५
४	न्यून विकास सूचकांक (पुर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%)	१०	१०
जम्मा		**१००**	**१००**

सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सूत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ। आयोगले गत आ.ब. २०७६/७७ मा ३ करोड ५० लाख र आ.ब. २०७५/७६ मा ३ करोड न्यूनतम रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँड गर्न सिफारिस गरेको थियो।

३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

यस गाउँपालिकाले नेपालको सविधानको धारा २२८ को उपधारा (२) वमोजिम, स्थानीय सरकार संचालन ऐन २०७४ को परिधि भित्र रही स्थानीय कर तथा शुल्क संकलन गर्नको लागि आवश्यक ऐन वनाई लागु गर्ने गरेको छ। सोही कानूनी प्रावधान अनुसार गाउँपालिकालाई प्राप्त राजस्व अधिकारको प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गरिएको छ। गाउँपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम निम्नानुसारका राजस्व शिर्षकहरु सम्बन्धमा छलफलबाट प्राप्त जानकारीका आधारमा गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.५ *किस्पाङ गाउँपालिकाको अनुमानित तथा यथार्थ आन्तरिक आय (रकम रु हजारमा)*

क्र.सं.	बजेट शिर्षक	आ.व. ०७५।७६		आ.व.२०७६।७७		आ.व. २०७७/०७८ को लागि प्रस्तावित
		अनुमानित	यथार्थ	अनुमानित	यथार्थ	
१	सम्पतिकर	०	०	०		०
२	घर बहाल कर	११४	११४	१३५		५०
३	घर जग्गा रजिष्ट्रेशन शुल्क	०	०	०		३००
४	जडिबुटी कवाडी र जिवजन्तु कर					२००
५	विज्ञापन कर					५०
६	बहाल बिटौरी कर					५०
७	पार्किंगं शुल्क					५०
८	सवारी साधन सेवा दस्तुर					५०
९	ट्रेकिगं शुल्क					५०
१०	सेवाशुल्क	०	२७३	०		८००
११	घरनक्सा पास दस्तुर					५००
५	दस्तुर (स्थानीय तहबाट हुने सिफारीश)	१,५००	१,४३३	१,६००		
६	पर्यटन शुल्क	०	०	०		०
७	व्यवसाय कर	०	०	०		५५०
८	भूमि कर (मालपोत)	९३०	९२१	१,३००		६५०
९	दण्ड जरीवाना	१२०	११७	१४५		
१०	अन्य दस्तुर	२७३	०	३००		
११	दहत्तरबहत्तर शुल्क	९,८००	९,८१४	६,०००		६,७००
	जम्मा आन्तरीक राजस्व	**१२,७३७**	**१२,६७२**	**९,४८०**		**१०,०००**

स्रोतः गांउपालिकाको आ.व. २०७६/७७ को निति कार्यक्रम बजेट पुस्तीका र लेखा शाखा
नोटः आ.व. ०७४।७५ मा कुल यथार्थ आन्तरिक आय एकमुट रु ११ लाख ५५ हजार संकलन भएको थियो भने ०७६।७७ को पूर्ण विवरण प्राप्त हुन सकेन ।

आर्थिक वर्ष २०७५/०७६ मा आन्तरिक राजस्व रु.१ करोड २७ लाख ३७ हजार प्रस्ताव गरिएकोमा रु.१ करोड २६ लाख ७२ हजार (९९.४९%) मात्र प्राप्त भएको देखिन्छ। तर आ.व. ०७६।७७ को अनुमानित बजेट अघिल्लो आर्थिक वर्ष भन्दा २५.५७% न्यून हुने गरी बजेट प्रस्ताव गरेको छ। आ.व. २०७७।७८ मा अघिल्लो आर्थिक वर्ष भन्दा ५.४९ % ले बढी हुने गरी बजेट प्रस्ताव गरेको छ। संविधान तथा कानूनले अधिकार दिए बमोजिम गाउँपालिकाले सम्पत्ति कर, व्यवसाय कर जस्ता महत्वपूर्ण स्रोतबाट रकम संकलन गरेको पाइदैन। गाउँपालिकामा घर जग्गा बिक्री नभएर हो वा प्रदेशले संकलन गर्दै आएको घरजग्गा रजिष्ट्रेशन शुल्क समेत गाउँपालिकाले सो रकम प्राप्त

गर्न सकेको छैन। गाउँपालिकाको महत्वपूर्ण राजस्वको रुपमा ढुंगा गिट्टी वालुवा र दहत्तर बहत्तर शुल्क रहेको छ। आ.व. ०७५।७६ को यथार्थ रकमलाई हेर्दा कुल आन्तरिक स्रोतमा यस्को हिस्सा ७७ प्रतिशत रहेको छ।

ग्राफ १: *किस्पाङ गाउँपालिकाको अनुमानित तथा यथार्थ आन्तरिक आयको अवस्था*



३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाको आर्थिक क्रियाकलापको मुख्य आधार कृषियोग्य जमिन, व्यापार व्यवसाय, पर्यटन, प्राकृतिक स्रोत साधन, जलविद्युत आदि हुन्। यहाँ विशेष गरी तरकारी, चिया तथा अलैंचीलाई व्यवसायिक खेतीको रुपमा अगाडी बढाउन सकिने सम्भावना रहेको छ। राष्ट्रियस्तरकै चर्चित र निर्माणको अन्तिम चरणमा रहेको ६० मेगावाट क्षमताको त्रिशुली थ्री ए जलबिद्युत आयोजना, निर्माणाधीन अवस्थामा रहेको ३७ मेगावाट क्षमताको त्रिशुली थ्री बि जलविद्युत आयोजना तथा हालै निर्माण कार्य प्रारम्भ भै रहेको ५५ मेगावाट क्षमताको मध्यगंगा जलविद्युत आयोजनाको हेडगेट यस गाउँपालिका भित्र रहेकाले आगामी वर्ष राजस्वमा अभिवृद्धि हुने सम्भावना देखिन्छ। राष्ट्रको गौरवको रुपमा रहेको त्रिदेशीय व्यापरिक मार्गको रुपमा रहने गल्छी रसुवागढी मार्ग समेत यस गाउँपालिका हुदै गएकाले भविष्यमा यथेष्ठ रुप्मा आन्तरिक आम्दानीका स्रोतमा वृद्धि हुने सम्भावना देखिन्छ।

प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण घना जंगल, अनकन्टार भिरपाखा देखि समथर खेतीयोग्य भूभाग समेत रहेको यस गाउँपालिका भित्र मनोरम हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिने फिकुरी डाँडा, रमणीय पानसय खोला, भेडा फार्म लगायत अन्य प्रशस्त मनमोहक स्थानहरु रहेका छन्। भाल्चे गोङगा भञ्ज्याङ्ग, रुपचेत सिङला, गणेश हिमाल हुँदै गोरखाको आरुघाट र रसुवाको सोम्दाङ पर्यटकीय पथमार्ग समेत रहेकाले यस गाउँपालिकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ।यहाँपर्यटन पूर्वाधार विकास एवं होमस्टे लगायतको प्रचुर सम्भावना रहेको छ। निकट भविष्यमा किस्पाङ गाउँपालिका आर्थिक विकासको सम्भावित क्षेत्र बन्ने क्रममा रहेको हुँदा यहाँ उद्यम, व्यवसाय र आन्तरिक रोजगारीको सम्भावना र अवसरहरु छन्।

३.३.१ कर राजस्व

गाउँपालिकाको राजस्वका स्रोतहरु मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यसप्रकार रहेका छन् :

क. सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

विद्यमान अवस्था: गाउँपालिकाले अहिलेसम्म सम्पत्ति कर संकलन गरेको देखिदैन । आ.व.२०७७/७८ मा पनि सम्पत्ति कर संकलनका लागि रकमको अनुमान गरिएको छैन । यद्यपि गाउँपालिकाको आर्थिक ऐनमा भने घरको प्रकार र प्रयोजनका हिसाबले रु ५० देखिरु २००० (व्यापारिक प्रयोजनका) सम्म सम्पत्ति करका लागि दरहरु निर्धारण गरेको पाइन्छ ।

सम्पति करको सम्भावना: यस गाउँपालिकामा वस्तुस्थिति विवरण अनुसार ४,३२१ घरहरु रहेको देखिन्छ । भुकम्प पछि पुनःनिर्माण भएका तथा वार्षिक बृद्धिलाई मध्यनजर गर्दा घरहरुको संरचना तथा संख्यामा बृद्धिहुने कारण प्रस्तावित दर बमोजिम राजस्वमा बृद्धिको अनुमान गरिएको छ ।

तालिका ३.६(क):*कुल घरधुरी तथा वार्षिक सम्पत्ति कर अनुमान विवरण*

घरको किसिम	प्रतिशत मां	घरघुरी संख्या २०७५	२०७७ घरघुरी संख्या अनुमान	कैफियत
जस्ता च्यादरले छाएका घर	८४.५८	३,६५५	३,७५०	
टायल तथा ढुंगाले छाएका	०.३७	१६	२५	
आर.सि.सि	१५.०५	६५०	६५०	आर.सि.सि मा आवासीय र व्यापारिक प्रयोजनका लागि छुट्टाछुट्टै दर तोकिएकोले सोही बमोजिम घरसंख्या अनुमान गरिएको
आर.सि.सि व्यवसाय प्रयोजन			५०	
जम्मा	**१००**	**४,३२१**	**४,४७५**	

स्रोत : गाउँपालिका प्रोफाइल, २०७५

हालको दर अनुसार केही सामान्य परिवर्तन गरी घर र जग्गाको मूल्यांकनका आधारमा सम्पत्ति कर लगाउँदा देहाय बमोजिम उठ्न सक्ने देखिन्छ ।

तालिका ३.६(ख):*कुल घरधुरी तथा वार्षिक सम्पत्ति कर अनुमान विवरण*

सम्पत्ति मूल्यांकन रु.	कूल मूल्य रु.	करको दर (प्रति हजार रु)	अनुमानित करदाता संख्या	कुल कर दर रु	संभाव्य रकम रु
१ देखि ५० हजारसम्म	५०,०००	न्यूनतम	०	२५	०
५० हजार १ देखि २ लाखसम्म	२००,०००	०.२	२,०००	८०	१५९,९९९
२ लाख १ देखि ५ लाखसम्म	५००,०००	०.२५	१,१२५	२१०	२३६,२४९
५ लाख १देखि १० लाखसम्म	१,०००,०००	०.३	७००	४९०	३४२,९९८
१० लाख १ देखि २० लाखसम्म	२,०००,०००	०.३५	४००	११२०	४४७,९९८
२० लाख १ देखि ४० लाखसम्म	४,०००,०००	०.४	२५०	२५५०	६३७,४९८
४० लाख १ देखि ७० लाखसम्म	७,०००,०००	०.४५	०	५३३०	०
७० लाख १देखि १ करोड १० लाखसम्म	११,०००,०००	०.५	०	१०११०	०
१ करोड १० लाख १ देखि २ करोडसम्म	२०,०००,०००	०.६	०	२०२९०	०
२ करोड १ देखि ५ करोडसम्म	५०,०००,०००	०.७		५१४७०	०
५ करोड १ देखि १० करोडसम्म	१००,०००,०००	०.८		१२२६५०	०
१० करोड १ देखि २० करोडसम्म	२००,०००,०००	१		२९३८३०	०
२० करोड १ देखि ४० करोडसम्म	४००,०००,०००	१.५		७६५०१०	०
४० करोड १ देखि ७० करोडसम्म	७००,०००,०००	२		१८३६१९०	
जम्मा			**४,४७५**		**१,८२४,७४२**

सुधार गर्नुपर्ने उपायहरुः गाउँपालिकाले हरेक घरधुरीको घरघडेरीको अवस्था, घर तथा सो घरले चर्चेको जग्गा बराबरको जग्गामा सम्पत्ति कर लगाउन मूल्यांकन सहितको तथ्यांक तयार गर्नुपर्दछ। तथ्यांकलाई कम्प्युटर मार्फत अभिलेखीकरण गर्ने कार्य सर्वप्रथम सम्पादन गरी माथि उल्लेख भए बमोजिम प्रस्तावित विवरण अनुसार गाउँसभाबाट पारित गरी कार्यान्वयनमा ल्याउनु सकिन्छ। वडास्तरमा नै सम्पत्ति करको लगत अद्यावधिक गरी हरेक घरधुरीबाट कर असूल गर्नेर गाउँपालिका तथा वडास्तरबाट अनुगमन र मूल्यांकन गर्नु उपयुक्त देखिन्छ। कर असुली गर्दा एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरुको लागि कर छुटको व्यवस्था गर्नु पर्दछ। ग्राफ २ मा देखाइए बमोजिम गाउँपालिकाले उठ्न सक्ने संभावित सम्पत्ति कर रकम मध्ये करदाताको संख्यालाई समेत करको दायरामा ल्याइ सम्पत्ति कर संकलित गर्न सक्नेछ *(कुल संभाव्य मध्ये आगामी तीन वर्षका लागि क्रमशः ८० प्रतिशत, ९० प्रतिशत र ९५ प्रतिशत लक्ष्य हासिल हुने गरी प्रक्षेपण गरिएको)*।

ग्राफ २: सम्पत्ति कर: करदाता संख्या तथा कर रकमको प्रक्षेपण



	२०७५।७६	२०७६।७७	२०७७ को अनुमानित	२०७८।७९	२०७९।८०	२०८०।८१	कुल संभावित
	यथार्थ			आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण			
सम्पति कर रकम रु	०	०	०	१,२७७,३१९	१,४५१,७१३	१,६४२,२६८	१,८२४,७४२
करदाता संख्या				३,१३३	३,५८०	४,०२८	४,४७५

*द्रष्टव्य: सम्पत्ति करको लगत तयार गरी लगाउँदा र हिसाब गर्दा **अनुसूची २** लाई समेत ध्यान दिनुपर्नेछ ।*

ख. भूमिकर (मालपोत)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ ।

भूमीकरको (मालपोत) बर्तमान अवस्था: यस गाउँपालिकाले जग्गालाई अब्बल, दोयम, सिम र चाहार बर्गिकरण गरी अब्बल र दोयमका लागि प्रति रोपनी रु १५ र सिम र चाहरका लागि प्रति रोपनी रु १० दर कायम गरी मालपोत संकलन गर्दै आएको छ । आ.व.२०७६/०७७ मा भूमीकर (मालपोत) शीर्षकमा रु १३ लाख प्राप्त हुने अनुमान गरेको देखिन्छ । आ.व.२०७७/७८ का लागि रु.६ लाख ५० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

करको सम्भावना: गाउँपालिकाको पार्श्वचित्र २०७५ ले यस गाउँपालिकामा २१.४२ वर्ग किमि (२,१४२ हेक्टर अर्थात ४२,११२ रोपनी)[२] जमिन खेतीपातीका लागि उपयोग भएको देखाएको छ । खेतीयोग्य जमिन मध्ये १,००६ हेक्टर (१९७७.९६ रोपनी) जमिन सिंचित रहेको छ भने बाँकी

२ १ वर्ग किमि = १०० हेक्टर, १ हेक्टर =१९.६६ रोपनी हुने अनुमानका आधारमा सोही बमोजिम । https://www.metric-conversions.org/area/square-kilometers-to-hectares.htm

२२,३३४.१० रोपनी अंसिचित जमिन रहेको छ। सालैभर सिंचित हुने जमिनको क्षेत्रफल ३३५ हेक्टर (६,५८६.१० रोपनी) रहेको छ भने बाँकी ६७१ हेक्टर जमिनमा (१३,१९१.८६ रोपनी) मौसमी सिंचित हुने गरेको छ। हाल मालपोत प्रयोजनका लागि अवल र दोयम सिम र चाहार को सट्टा सिचाई पुगेको र नपुगेको जग्गाका आधारमा मालपोत दर कायम गरे बढी व्यवहारिक हुने देखिन्छ। यसले गाउँपालिकालाई राजस्व अभिवृद्धिका लागि सिचाईमा लगानी गर्न अभिप्रेरित गराउने र सेवा प्राप्त गरेपछि करदातालाई पनि बढी कर तिर्न उत्साहित हुने वातावरण सृजना गर्दछ। एकल महिला, अपाङ्गता, जोखिममा परेका र विपन्न वर्गहरुको लागि कर छुटको व्यवस्था गर्नु पर्दछ

तालिका ३.७ *वार्षिक भूमि (मालपोत) करको (संभाव्य रकम)* र प्रक्षेपण रकम रु.

जग्गाको किसिम	मालपोत योग्य जमिन (रोपनीमा)	प्रति रोपनी प्रस्तावित दर रु.	वार्षिक आम्दानी (संभाव्य रकम)
सालै भर सिंचित जमिन तथा बजार क्षेत्रको जुनसुकै जमिन	६,५८६	५०	३२९,३००
मौसमी सिंचित जमिन	१३,१९२	३०	३९५,७६०
अंसिचित जमिन	२२,३३४	१५	३३५,०१०
जम्मा	४२,११२		१,०६०,०७०

नोटः *हालको मालपोत कर अब्बल र दोयम प्रति रोपनी रु १५ र सिम र चाहरको रु १० तथा विलम्ब शुल्क (जरिवाना) १० प्रतिशत प्रतिवर्ष भएकोमा सोको सट्टा सिचित जमिनकाका आधारमा कर लिने नीति प्रस्ताव गरिएको।*



ग्राफ ३: मालपोत करका लागि करको दायरामा ल्याउनुपर्ने रोपनी जग्गा र संभावित रकमको प्रक्षेपण रु

माथि उल्लेख भए बमोजिम गाउँपालिकाले प्रक्षेपणको पहिलो आर्थिक वर्षमा ९० प्रतिशत जग्गालाई कर तिर्नका लागि करको दायरामा ल्याउने र तत्पश्चातको दोस्रो आर्थिक वर्षमा १०० प्रतिशत जग्गालाई करको दायरामा ल्याउने गरी सोही बमोजिम उठ्न सक्ने रकमको प्रक्षेपण गरिएको छ। यस अवधिमा गाउँपालिकाले मौसमी सिंचित जमिन र असिंचित जमिनको ५ प्रतिशत अर्थात १७७६ रोपनी जग्गामा सिचाईका लागि लगानी गरेमा आर्थिक वर्ष २०८०।८१ मा झण्डै १७७६ रोपनी थप जग्गामा पूर्णरुपमा सिचाईको व्यवस्था हुन गईसोही बमोजिम सवैलाई करको दायरामा ल्याउने अनुमानका साथ रु ११ लाख १२ हजार रकम मालपोतबाट उठ्न सक्ने गरी प्रक्षेपण गरिएको छ।

सुधार गर्नुपर्ने उपायहरुः गाउँपालिकाले हरेक वडामा रहेको जमिन मध्ये सम्पत्ति कर लगाएको वाहेकको जमिनलाई मालपोत र भूमिकर प्रयोजनका लागि वर्गीकरण अनुसारको लगत तयार गर्नु पर्दछ। जमिनको सिचित र असिचित वर्गीकरण गरी प्रतिवर्ष सिचाईमा प्राथमिकताका साथ लगानी गरी सिंचित जमिनको क्षेत्रफल विस्तार गदै लैजानु पर्दछ। मालपोतबाट नै उठेको रकम (बक्यौता समेत) सिचाईको क्षेत्रमा विनियोजन गरेमा एकातर्फ सेवा विस्तार पनि हुने र अर्कोतर्फ आन्तरिक राजस्व समेत वृद्धि हुँदै जाने भएकाले यस बमोजिम मालपोत कर लगाउनु बढी उपयुक्त देखिन्छ। मालपोत कर निर्धारण गर्दा एकल महिला, अपाङ्गता, जोखिममा परेका र विपन्न वर्गहरुको लागि कर छुटको व्यवस्था गर्नु पर्दछ।

यसका लागि राजस्व परामर्श समितिको सिफारिसमा गाउँसभाबाट स्वीकृत गर्नुपर्ने र स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने गराउनेका साथै यसको अतिक्ति बक्यौता मालपोतको विवरण तयार गरी सोको असुली गर्न पहल गर्नु पर्दछ। माथि उल्लेख भए बमोजिमको मालपोत रकम संकलनका लागि सोही बमोजिम न्यूनत्त रुपमा रोपनी जग्गालाई करको दायरामा ल्याउनुपर्ने हुन्छ। माथि उल्लेख गरिए बमोजिम उत्पादकत्वको आधारमा *मालपोत तथा भूमिकरको प्रगतिशिल दर निर्धारण गर्दा* ***अनुसूची २*** *मा उल्लेख भए बमोजिमकार्यान्वयनमा ल्याउन सकिन्छ। तर गाउँपालिकामा जग्गाको लगत सहितसो बमोजिम गणना गर्न सकिने गरी कम्प्यूटरको सफ्टवेयरमा परिमार्जन गर्नुपर्दछ।*

ग. घर जग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदान, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ।

विद्यमान अवस्था :घर जग्गा वहाल कर गाउँपालिकाको दिगो तथा बृद्धि हुदैजाने राजस्वको स्रोत हो। यस गाउँपालिकामा बहालमा लगाएको शुल्कको वार्षिक १०% घर र जग्गा वहाल कर लगाईने उल्लेख छ। गाउँपालिकाले आ.व.२०७५/७६ मा यस शीर्षकमा रु.१ लाख १४ हजार अनुमान गरेकोमा कुनै सोही बमोजिम नै रकम अशुल गरेको छ। आ.व.२०७६/७७मा रु १ लाख ३५ हजार अनुमान गरेको छ। आ.व. ०७७।७८ मा रु.१ लाख ४० हजार प्राप्त हुने गरीअनुमान गरिएको छ।

करको सम्भावना :यस गाउँपालिकामा करिव ४०९ वटा उद्योग, व्यापार, व्यवसायहरु सञ्चालनमा रहेको तथ्यांक आर्थिक गणनाबाट देखिन्छ भने २०६८ को जनगणना अनुसार केन्द्रीय तथ्यांक विभागबाट तयार भएको जिल्ला प्रोफाईलमा रहेको उल्लेख छ। यसैगरी यस गाउँपालिकामा कार्यरत रहेका गैरसरकारी संघसंस्था, बैंक र अन्य सरकारी निकायहरुले भाडामा घर लिई कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ। जलविद्युत उत्पादन सँगसँगै व्यवसायीहरुका लागि जग्गा भाडामा प्रयोग हुन सक्ने हुँदा यसको सम्भावना बढ्दो क्रममा रहन्छ। यस्ता संघ संस्थाका कार्यालयले बार्षिक रुपमा तिर्ने कुल भाडा रकम हालको करिब रु १४ लाखबाट आगामी तीन आर्थिक वर्ष भित्र २० लाखसम्मका हाराहारीमा रहने गरी अनुमान गरिएको छ। यस हिसाबले बहालमा लिएका घरहरुको वार्षिक भाडा रकमको हालको मासिक १०% का दरले घरजग्गा बहाल कर लगाउँदा

गाउँपालिकालाई दिगो रुपमा आगामी तीन आर्थिक वर्षमा रु १ लाख ५० हजार देखि २ लाखसम्म बहाल कर प्राप्त हुने सम्भावना रहेको देखिन्छ ।

सुधार गर्नुपर्ने पक्षहरु : व्यवसायिक, संघ संस्था तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक वहालको दर अनुसारको लगत तयारी, वहाल करको स्वीकृत दर वमोजिम प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

घ. व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

विद्यमान अवस्था :यस गाउँपालिकाले हालसम्म व्यवसाय कर संकलनका लागि कुनै पहलकदमी काम गरेको छैन । आ.व.२०७७/७८मा रु ५ लाख ५० हजार अनुमान गरेको छ ।

करको सम्भावना :यहाँ केन्द्रीय तथ्यांक विभागबाट गरिएको आर्थिक गणना २०७५ अनुसार ४०९ वटा उद्योग व्यवसाय रहेको देखिन्छ । यी व्यवसायहरुको पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा स्थानीय व्यवसायीहरुसँग समन्वय तथा सहकार्य गरी कर निर्धारण गरी राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।

तालिका ३.८: *व्यवसायीहरुको प्रकृति बमोजिम संख्या,* प्रस्तावित दर बमोजिम सम्भाव्य रकम

सि.नं	व्यवसायको प्रकृति	संख्या	प्रस्तावित दर		औसत दर रु	संभाव्य रकम रु
			न्यूनत्तम	*अधिकत्तम*		
१	उत्पादन	४४	१००	५००	२५०	११०००
२	खानी, विद्युत, खानेपानी तथा निर्माण	५१	२०००	१५०००	३०००	१५३०००
३	थोक तथा खुद्रा व्यापार	१६६	१००	५००	२००	३३२००
४	ढुवानी, भण्डारण, सूचना तथा सञ्चार	०				०
५	होटल, लज	६८	१००	५००	३००	२०४००
६	वित्त, वीमा	४	१०००	५०००	२२५०	९०००
७	शिक्षा	२७	१०००	२०००	१५००	४०५००
८	मानव स्वास्थ्य तथा समाजिक कार्य	१५	१००	५००	२००	३०००
९	घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा अन्य	३४	१००	५००	२००	६८००
	जम्मा	४०९				२७६,९००

नोट केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय आर्थिक गणना २०७५ बमोजिम किस्पाङ गाउँपालिकामा कुल ४०९ व्यवसाय रहेका । वित्त, विमा, विद्युत, निर्माण, शिक्षा आदिका लागि नयाँ दर प्रस्तावित सहित अन्य खुद्रा व्यवसायहरुको लागि यथावत दर

अनुसार औसत रकम कायम गरी गणना गरिएको । व्यवसायको आकार तथा लगानीका हिसाबले न्यूनत्तम र अधिकत्तम दर तोक्न सकिने ।

आर्थिक ऐन २०७७ अनुसार व्यापार व्यवसायको प्रकृति अनुसार दर निर्धारण भएको पाइन्छ । यसरी निर्धारण गरिएको व्यवसाय करको दर्ता वापत न्यूनतम दर रु.१०० देखि अधिकतम रु ५०० सम्मरहेको छ । तर बिमा लगायत वित्तीय संस्था, विद्युत, शिक्षा, आदिका लागि नयाँ दर प्रस्ताव गरिएको छ । बार्षिक नविकरण वापत रु ५० देखि रु २५० सम्म रहेको देखिन्छ । यस गाउँपालिकामा रहेका माथिको तालिका अनुसारका ४०९ वटा व्यवसायिक प्रतिष्ठानबाटहालको दर र थप नयाँ प्रस्तावित दरको औसत बमोजिम बार्षिक करिब रु २लाख७६ हजार सम्म राजस्व असूली हुनसक्ने देखिन्छ ।जलविद्युत निर्माण कार्य पश्चात बजार विस्तार भई व्यवसायीहरुको संख्या १० प्रतिशतले वृद्धि भई ४५० पुग्ने अनुमान गरिएको छ र सो बमोजिम करिब रु ३ लाख ५ हजार उठ्न सक्ने देखिन्छ ।



सुधार गर्नुपर्ने पक्षहरु :माथि उल्लेख भए बमोजिम गाउँपालिका अन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरुलाई ***अनुसूची ३*** बमोजिम तिनीहरुको व्यवसायको प्रकृति अनुसारवर्गीकरण गरेर लगत

तयार गर्दा राजस्व अनुमान गर्न सहज हुन्छ । माथि ग्राफमा उल्लेख भए बमोजिम प्रत्येक आर्थिक वर्षमा न्यूनत्तमरुपमा तोकिएकाबमोजिमका व्यवसायीहरुलाई करको दायरामा ल्याई सोही बमोजिम व्यवसाय कर अशुल गर्नुपर्ने हुन्छ । महिला, अपाङ्गता, जोखिममा परेका र विपन्न वर्गहरुको नाममा चलाएका व्यवसायको लागि प्रोत्साहन स्वरुप कर छुटको व्यवस्था गर्नु पर्दछ ।

ङ. जडिबुटी, कवाडी र जीवजन्तुको ब्यवसायिक उपयोग कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

विद्यमान अवस्था :यस गाउँपालिकामा जडिवुटी, कवाडी तथा जीवजन्तु कर शीर्षकको राजस्वमा सम्भावना भएपनि संकलन हुन सकेको छैन । तर आर्थिक वर्ष २०७७।७८ मा रु २ लाख उठ्ने गरी अनुमान गरिएको छ ।

करको सम्भावना :यहाँ उत्पादित जडिवुटी तथा कवाडी र जीवजन्तु सम्बन्धी लगत तयार गरी राजस्व आँकलन गर्नुपर्ने तथा व्यक्तिगत जमिन तथा पर्ति जमिन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन गर्न सकिने सम्भावना छ। साथै यहाँको वन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन तथा बजारीकरण र जीवजन्तुको व्यवसायिक कारोवार हुने हाट बजारको व्यवस्थापन गरेर राजस्व बृद्धि हुनसक्ने सम्भावना छ ।

सुधार गर्नुपर्ने पक्षहरु : गाउँपालिका अन्तर्गतका जडिवुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक उपयोग सम्वन्धमा अध्ययन टोली गठन गरी कर निर्धारण गरी राजस्व अनुमान गरी संकलन गर्न सक्नेछ *(तल तालिका ३.९ मा नमूनाका रुपमा पेश गरिएको विवरण अनुसार किस्पाङ गाउँपालिकाले कवाडी सामानहरुको विवरणहरुलाई समेटी सम्वन्धित सरोकारवालाहरुसँग छलफल गरी आवश्यकतानुसार दर तोकी राजस्व संकलन गर्न सक्नेछ)*

तालिका ३.९ :*कवाडी (पुन:प्रयोग हुने कवाडी सामानहरुमा लाग्ने करको प्रस्तावित दर)*

क्र. सं	विवरण	इकाई	दर	
			रु	पैसा
१	खालि सिसी बियर	प्रति गोटा	१	
२	खाली सिसी मदिरा र अन्य (५०० एमएल भन्दा माथि	प्रति गोटा		५०
३	खाली सिसी मदिरा र अन्य (५०० एमएल भन्दा तल)			३०
४	प्लाष्टिकको (झोला र दुधको थैला बाहेक)	प्रति के.जी	३	
५	खाली बोरा			
क	१०० केजी खाद्यान्न अट्ने जुटका बोरा	प्रति गोटा	१	

क.	विवरण	इकाई	दर	
ख	५० केजी खाद्यान्न अट्ने जुटका बोरा	प्रति गोटा		५०
ग	५० केजी भन्दा बढी खाद्यान्न अट्न प्लाष्टिकका झोला	प्रति गोटा		५०
	५० केजी भन्दा तल खाद्यान्न अट्न प्लाष्टिकका झोला	प्रति गोटा		३०
६	तेलको टिन			
क	ठूलो १० लि भन्दा बढी अट्ने	प्रति के.जी	१	
ख	सानो १० लि. भन्दा कम अट्ने	प्रति के.जी		५०
७	हल्का पेय पदार्थ खाली सिसी			
क	५०० एमएल भन्दा माथि	प्रति गोटा		४०
ख	५०० एमएल भन्दा तल	प्रति गोटा		२०
८	पुराना कागज			
क	अखबार	प्रति केजी		५०
ख	अन्य काजग	प्रति केजी		५०
९	धातुका कवाडी सामानहरु			
क	ह्लाम	प्रति के.जी	१	
ख	अन्य धातुका पित्तल तामा आदि	प्रति के.जी	५	
१०	पोलिथिन पाइपका टुक्राहरु	प्रति के.जी	२	
११	परालबाट बनेका पुराना सामान वा पराल	प्रति के.जी		५०
१२	सिसा लिडको धुलो वा टुक्रा	प्रति के.जी	२	
१३	जस्तापाता	प्रति के.जी	३	
१४	जस्ताको धुलो		३	
१५	झिण्डु (ऊनको टुक्रा)	प्रति के.जी	२	
१६	पुरानो ब्याट्री	प्रति के.जी	५	
१७	गार्भेण्टको कपडाको टुक्रा	प्रति के.जी	२	
१८	जलेको मोबिल	प्रति लि	२	
१९	जुट र प्लाष्टिकका पुन प्रयोग हुन नसक्ने बोराहरु	प्रति के.जी	१	
२०	कार्पेटका टुक्राहरु	प्रति के.जी	२	
२१	टायर ट्युब	प्रति के.जी	२	
२२	थोत्रो टिन	प्रति के.जी	२	
२३	पुरानो ड्रम	प्रति के.जी	४	
२४	पुरानो टायर ट्युब (साइकलको)	प्रति गोटा	१	
२५	कागजको झुरा	प्रति के.जी	२	५०
२६	प्लाष्टिकका जुत्ता, चप्पल र पुरानो प्लाष्टिक टुक्रा	प्रति के.जी	३	
२७	प्लाष्टिकका थैलि, झिल्ली, पोलिथिन इत्यादी	प्रति के.जी	३	

क.	विवरण	इकाई	दर

प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला	दर रु
हाँस,कुखुराजस्ता पंछीहरूको प्वाँख प्रति के.जी.	१।-
हाड प्रति के.जी.	१।-
सिंग प्रति के.जी.	१।५०
खूर प्रति के.जी.	१।५०
छाला (ठूलो) प्रति गोटा	२०।-
छाला (सानो) प्रति गोटा	१०।-

च. विज्ञापन कर

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ वोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनु पर्ने उल्लेख छ। साथै सोही दफाको उपदफा (६) मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरु सम्बन्धित स्थानीय कानून वमोजिम हुने समेत उल्लेख गरिएको छ। यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ।

विद्यमान अवस्था :यस गाउँपालिकामा आ.व.२०७७/७८ का लागि विज्ञापन कर शीर्षक अन्तर्गत रकमको अनुमान नगरिएतापनिगाडीमा सामान बोकी विज्ञापन गर्ने (प्रति पटक रु ५००), स्टल राखी विज्ञापन गर्ने (प्रति दिन रु १००), तुल ब्यानर राखी विज्ञापन गर्ने (प्रति पटक रु ५००), वाल पेण्ट (प्रति वर्ग फुट रु १०) आदि राजस्वको दर निर्धारण भएको देखिन्छ। यस आर्थिक वर्षमा रु ५० हजार राजस्व उठ्ने गरी राजस्व अनुमान गरिएको छ।

करको सम्भावना : यस गाउँपालिकामा तत्कालका लागि न्यून आय हुने स्रोतका रुपमा रहेता पनि निर्माणाधिन जलविद्युत आयोजनाहरु सञ्चालनमा आएपछि यहाँका लागि विज्ञापन कर पनि महत्वपूर्ण स्रोत हुने सम्भावना छ। यस अलावा राष्ट्को गौरवको रुपमा रहेको त्रिदेशीय व्यापरिक मार्गको रुपमा रहने गल्छी रसुवागढी मार्ग भाल्चे गोङगा भञ्ज्याङ्ग, रुपचेत सिङला, गणेश हिमाल हुँदै गोरखाको आरुघाट र रसुवाको सोम्दाङ पर्यटकीय पथमार्ग समेत रहेकाले यी मार्गहरुमा विज्ञापन प्रवर्द्धनको सम्भावना समेत रहेको छ। यसको लागि हाल कै दरमा देहाय बमोजिमको दर तोकि ठूला व्यवसायिक प्रतिष्ठानहरुसँग कार्यगत सम्बन्ध विकास गरी निश्चित छुट सहित विज्ञापन प्रवर्द्धन गर्ने नीति लिनु उपयुक्त हुन्छ।

सुधार गर्नुपर्ने पक्षहरु :गाउँपालिका क्षेत्रमा रहेका व्यापारिक प्रयोजनका लागि प्रचलित कानून अनुसारको विज्ञापन सामग्रीहरुलाई नियमन गरी करको दायरामा ल्याउनु पर्ने देखिन्छ। देहाय बमोजिमयी क्षेत्रमा होडिगं बोर्ड राख्न व्यवसायीहरुलाई प्रबर्द्धन गर्ने र ठेक्का मार्फत विज्ञापन कर संकलन गर्न सकिनेछ। यसका लागि गाउँपालिकाबाट अध्ययन गरी विज्ञापन बोर्ड राख्ने क्षेत्र तोकिनु पर्दछ र सो क्षेत्रमा भएका होर्डिगं बोर्डबाट प्राप्त रकमकोरकमको ४०% सम्बन्धित प्रदेश सरकारलाई बाँडफाँड गरी प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ।

तालिका ३.१०: *विज्ञापन करका लागि प्रस्तावित दर (नमूना)*

सि.नं	विवरण	प्रस्तावित दर रु
१.	बजारकेन्द्र तथा गल्छी रसुवागढी मार्ग भाल्चे गोङगा भञ्ज्याङ्ग, रुपचेत सिङला, गणेश हिमाल हुँदै गोरखाको आरुघाट र रसुवाको सोम्दाङ पर्यटकीय पथमार्गमा (क) होडिगं बोर्ड प्रति वर्ग फिट (ख) प्याल्क्स बोर्ड प्रति वर्ग फिट	 रु ३० रु २०
२	वाल पेण्ट प्रति वर्ग फिट	रु १०
३	स्टल राखी विज्ञापन गर्ने (प्रति दिन)	रु १००
४	तुल ब्यानर राखी विज्ञापन गर्ने (प्रति पटक)	रु ५००

३.३.२ गैरकर राजस्व[३]

गाउँपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतका पनि हुन् । यिनलाई गैर कर राजस्वका रुपमा लिने गरिन्छ, ती यसप्रकार रहेका छन् :

क. अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न व्यवस्था रहेको छ ।

विद्यमान अवस्था : यस गाउँपालिकाले बाग्मती प्रदेश सरकारले तोके बमोजिमको दर अनुसार दहत्तर बहत्तरबाट रकम संकलन गर्दै आएको छ । दहत्तर बहत्तर शुल्क वापत गाउँपालिकाले उठाउँदै आएको रकम गाउँपालिकाको मुख्य आय स्रोतको रुपमा रहेको छ, अर्थात कुल आन्तरिक स्रोतको ७७ प्रतिशत दहत्तर बहत्तरबाट प्राप्त आयको अंश रहेको छ ।

बिक्रीको सम्भावना :यस गाउँपालिकाका रणनीतिक आयोजनाहरु निर्माणका साथै सडकहरु समेत निर्माण हुने भएकाले ढुंगा गिट्टी बालुवा बिक्रीको सम्भावना अझ बढी हुने अवस्था देखिन्छ ।

सुधार गर्नुपर्ने पक्षहरु :गाउँपालिका अन्तर्गतका खानीजन्य तथा प्राकृतिक वस्तुहरुको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागि पहल गर्नुपर्ने र हालै नेपाल सरकारले जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन् तथा विक्री वितरण सम्वन्धी मापदण्ड, २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन् र बिक्री वितरण गर्न आवश्यक सुधार समेत गर्नुपर्ने देखिन्छ । प्रचलित कानून बमोजिम गाउँपालिकाले आफ्नै आर्थिक ऐन मार्फत यसको दर निर्धारण गरी संकलन गर्न सक्नेछ ।

---

३ गैरकर राजस्वका केही क्षेत्रहरुको विवरणलाई अद्यावधिक तथा व्यवस्थितका लागि ***अनुसूची ४*** मा नमूना फाराम उल्लेख गरिएको छ ।

ख. बहाल विटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

विद्यमान अवस्था :यस गाउँपालिकाले हालसम्म यस शीर्षकमा राजस्व अनुमान गरिएको देखिदैन । तथापि पनि आर्थिक ऐन, २०७७ मा बहाल बिटौरी शुल्क प्रति वर्ग फिट रु १० देखि रु २५ सम्म लिने गरी दर तोकेको पाइन्छ । गाउँपालिकासँग भएको छलफल अनुसार सार्वजनिक जग्गाहरुमा केही संरचना बनेको छ, तर उनिहरुबाट बहाल बिटौरी शुल्क संकलन भएको पाइदैन । तर आ.व. ०७७।७८ का लागि गाउँपालिकाले रु ५० हजार अनुमान गरेको छ ।

सम्भावना :बहाल विटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नु पर्ने देखिन्छ। खासगरी यस गाउँपालिकाको प्रमुख बजार केन्द्रका रुपमा रहेका भाल्चे बजार, काउले बजार, सातदोबाटे बजार र शान्ती बजारमा आवधिक रुपमा लाग्ने हाट बजारमा यस प्रकारको राजस्वको सम्भावना आंकलन गर्नका साथै पालिका भित्र साप्ताहिक हाट बजारलाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ ।साथै सार्वजनिक जग्गामा बनेका संरचनाहरुमा घरको क्षेत्रफल र जग्गाको क्षेत्रफल (प्रति आना रु २५ का दरले)मासिकरुपमा गणना गरी बहाल बिटौरी शुल्क संकलन गर्न सक्नेछ। यस्ता क्षेत्रमा लगाइएको शुल्कका आधारले सो सम्पत्ति व्यक्तिका नाममा नहुने व्यवस्था समेत गाउँपालिकाको आर्थिक ऐनमा थप गर्नुपर्ने देखिन्छ ।

ग. नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

विद्यमान अवस्था :यस गाउँपालिकाले जनशक्तिको कमी लगायतका कारणले नक्सापास दस्तुर सम्बन्धी राजस्व अनुमान तथा आम्दानी गरेको देखिदैन, तर आर्थिक ऐनमा नक्सापास सम्वन्धी दस्तुर तोकेको पाइन्छ । नक्सापास सम्वन्धी कार्यविधि बनेर चालु आर्थिक वर्षबाट लागू भएको छ ।

दस्तुरको सम्भावना :यस गाउँपालिकामा बजारीकरण हुँदै गएकोले पक्की घरहरु निर्माण भइरहेका छन् । साथै नेपाल विपद जोखिमका दृष्टिले सम्वेदनशील देशको सूचीमा समेत पर्ने हुनाले भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिन्छ । त्यसकारण नक्सापासलाई अनिवार्य गरी सोको लागि प्राविधिक सेवा दिए वापत दस्तुर आम्दानी हुन्छ ।

सुधार गर्नुपर्ने पक्षहरु :गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी भवनको प्रकृति अनुसार मात्र नभई भवनको आकार, व्यापारिक तथा आवासीय र भौगोलिक क्षेत्र अनुसार हुने गरी नक्सा पास दस्तुर निर्धारण गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त

देखिन्छ ।दस्तुर लिदा एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न गरिव वर्गहरुको हकमा कर सुविधा र करको रकममा छुटको व्यवस्था गर्नु पर्दछ ।

सम्भावना **:**हाल गाउँपालिकाले नक्सापास दस्तुर लिएको तर छुट्टै आय अभिलेख राखेको पाइदैन । गाउँपालिकाको आर्थिक ऐन, २०७७ अनुसार नक्सापास निवेदन फाराम दस्तुर रु ७००।–, घरको बनोट अनुसार (लोडबेरिङ जस्तापातो छाना भएका घर देखि वसोवास तथा व्यवसायिक आधारमा आरसीसी पक्कीघरसम्म) क्रमशः रु २ देखि रु ६ सम्म प्रति बर्गफुटका आधारमा लिने आधारमा हेर्दा घरनक्सा पास दस्तुर औसतमा रु २००० हुन आउने अनुमान गर्न सकिन्छ । बार्षिक ९० वटा जति घर निर्माणहुने अनुमानका आधारमा रु १ लाख ८० हजार आय हुने संभावना देखिन्छ ।

घ. व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार स्थानीय तह अन्तर्गत रहेको छ । साथै सहकारी ऐन २०७४ ले समेत सहकारीको दर्ता तथा नविकरण गर्ने अधिकार पनि गाउँपालिकालाई दिएको छ । यसरी व्यवसाय तथा सहकारी दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त हुने गर्छ ।

विद्यमान अवस्था **:**यस गाउँपालिकामा व्यवसाय दर्ता/नवीकरण शुल्क शीर्षक अन्तर्गत राजस्व अनुमान गरिएको छैन । गाउँपालिकाको आर्थिक ऐन २०७७ मा व्यवसायको लगानीका आधारमा दर्ता र नवीकरण शुल्कका दरहरुरु ५० देखि रु २५० सम्म स्वीकृत भएको देखिन्छ ।

शुल्कको सम्भावना **:**यहाँ विभिन्न ४०० भन्दा बढी व्यापार व्यवसायहरु सञ्चालनमा रहेको हुनाले वार्षिक रुपमा दर्ता/नवीकरण गरी गाउँपालिकालाई राजस्व प्राप्त भई रहेकोमा व्यवसाय करका अलावा व्यवसायको प्रकृति बमोजिम थोक तथा खुद्रा व्यापारलाई हालको दर बमोजिम र बित्त संस्था, विद्युत उत्पादन, शिक्षा आदि समेतलाई रु ३०० देखि १,००० सम्म लिदा प्रति व्यवसायदेहाय बमोजिम औसतदर अनुसार रु १ लाख ४ हजार प्राप्त हुने सम्भावना रहेको देखिन्छ ।

तालिका ३.११: *व्यवसायी दर्ता तथा नविकरण शुल्कबाट उठ्न सक्ने सम्भावित रकम रु.*

सि.नं	व्यवसायको प्रकृति	संख्या	नविकरण	संभाव्य रकम
१	उत्पादन	४४	५००	२२०००
२	खानी, विद्युत, खानेपानी तथा निर्माण	५१	५००	२५५००
३	थोक तथा खुद्रा व्यापार	१६६	१५०	२४९००
४	ढुवानी, भण्डारण, सूचना तथा सञ्चार	०		०
५	होटल, लज	६८	१५०	१०२००
६	वित्त, वीमा	४	५००	२०००
७	शिक्षा	२७	५००	१३५००
८	मानव स्वास्थ्य तथा समाजिक कार्य	१५	१००	१५००
९	घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा अन्य	३४	१५०	५१००
	जम्मा	**४०९**		**१०४,७००**

सुधार गर्नुपर्ने पक्षहरु : गाउँपालिका क्षेत्रभित्रका सहकारी, संघसंस्था, उद्योग व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी लगत तयार गर्ने, प्रत्येक व्यवसायले देखिने गरी गाउँपालिकाबाट प्रदान गरिने व्यवसाय दर्ता प्रमाण पत्र राख्न अनिवार्य गर्ने, स्वीकृति वमोजिम कार्यान्वयन तथा नियमित अनुगमन गर्ने ।व्यवसाय दर्ता गर्दा एकल महिला, अपाङ्गता, जोखिममा परेका र विपन्न वर्गहरुको लागि कर छुटको व्यवस्था गर्नु पर्दछ ।

ङ. सिफारिस तथा प्रमाणित दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफासिर तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत गाउँपालिकालाई दस्तुर प्राप्त हुन्छ ।

विद्यमान अवस्था :यस गाउँपालिकामा सिफारिस तथा प्रमाणित दस्तुर शीर्षक अन्तर्गत आ.व.२०७५/७६ मा रु.१५ लाख प्राप्त हुने अनुमान गरेकोमा रु १४ लाख ३३ हजार रकम प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७६/७७ मा रु १६ लाख र चालु आर्थिक वर्ष २०७७/७८ का लागि रु.१७ लाख प्राप्त हुने अनुमान गरिएको पाइन्छ । प्रकृतिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरिएको र स्वास्थ्य उपचार सम्वन्धी सिफारिस, नेपाली नागरिकता सम्वन्धी सिफारिस लगायत ३५ दिन भित्र मृत्यु दर्ता, बसाई सराई दर्ता, सम्वन्ध विच्छेद, विवाह दर्ता आदि लाई निशुल्क गर्ने व्यवस्था रहेको छ ।तर नागरिकताको प्रतिलिपि सिफारिस र फर्मलाई भने शुल्क तोकिएको छ । यी सिफारिस दस्तुरहरुमा एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरुको लागि छुटको व्यवस्था गरी प्रोत्साहन गर्नु पर्दछ । प्रोफाइल बमोजिम आ.व. ०७५ /७५ मा ७३५ वटा नागरिकता सिफारिस र १,१७८ अन्य सिफारिस भएको पाइन्छ । यस हिसाबले नागरिकता सिफारिस वाहेक प्रति अन्य सिफारिस औसतमा रु १,२०० जति भएको अनुमान गर्न सकिन्छ ।

दस्तुरको सम्भावना : गाउँपालिकाको एक प्रमुख कार्य सिफारिस पनि भएको हुनाले सिफारिस तथा प्रमाणित दस्तुरबाट राजस्व प्राप्त हुने गरेको देखिन्छ ।यसका लागि रु ५० देखिरु ३,००० हजारसम्म दस्तुर तोकिएको छ ।

सुधार गर्नुपर्ने पक्षहरु : गाउँपालिका तथा वडाहरुबाट वार्षिक रुपमा कुन सिफारिस कति परिमाणमा हुन्छ भन्ने विगत वर्षहरुको आधारमा अनुमान गरी राजस्व प्राप्त हुने अनुमान गर्नु उपयुक्त देखिन्छ।

च. व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क

लिने व्यवस्था रहेको छ। उक्त विलम्व शुल्क आन्तरिक राजस्वका रुपमा गाउँपालिकालाई प्राप्त हुन्छ। विलम्ब शुल्क एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरुको लागि छुटको व्यवस्थाले उनीहरुलाई दर्ता गर्न प्रोत्साहन गर्नु जरुरी हुन्छ।

विद्यमान अवस्था : प्रोफाइल बमोजिम आ.व. ०७४।७५ मा यस गाउँपालिकामा जन्म दर्ता २४५, मृत्यु दर्ता ५५, बसाई सराई १५ र विवाह दर्ता ९० भएको देखिन्छ। जन्म, मृत्यु, वसाई सराई, विवाह र सम्बन्ध विच्छेद दर्ताका लागि ३५ दिनभन्दा ढिलो गरी आएमा रु.५० दर निर्धारण भएको छ।

शुल्कको सम्भावना : व्यक्तिगत घटना दर्ता शुल्क गाउँपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ।

छ. सेवा शुल्क (पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय सडक पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ।

विद्यमान अवस्था :यस गाउँपालिकामा माथि उल्लेख भए बमोजिमका सेवा शुल्क वापत अन्य सेवा शुल्क शीर्षक अन्तर्गत आ.व.२०७५/७६ मा रु. २ लाख ७३ हजार अनुमान गरेकोमा रकम प्राप्त भएको देखिदैन। साथै आ.व.२०७६/७७ का लागि उक्त शीर्षकमा रु.३ लाख राजस्व प्राप्त हुने अनुमान गरिएको पाइन्छ भने आ.व. ०७७।७८ मा अनुमान गरिएको देखिदैन।

शुल्कको सम्भावना : गाउँपालिकाले प्रदान गरेको सेवाबाट सेवा शुल्क आय गर्ने तथा सेवाहरु थप गर्दै सेवा शुल्कमा पनि बृद्धि हुने सम्भावना देखिन्छ। सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय वासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने गर्दछन्।

सुधार गर्नुपर्ने पक्षहरु : गाउँपालिकाले स्थानीय वासिन्दालाई आवश्यक सेवाहरु पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने। हाल कुन कुन पूर्वाधारका क्षेत्रमा शुल्क लगाउन सकिन्छ, उपभोक्ता समितिको सहयोगमा अध्ययन गर्ने। साथै कुनै शीर्षकमा उल्लेख्य आय हुने भएमा सोको छुट्टै शीर्षकमा आम्दानी जनाउने गर्नाले राजस्व प्रशासनमा सहज हुन्छ।

ज. न्यायिक दण्ड, जरिवाना, जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

विद्यमान अवस्था :यस गाउँपालिकामा दण्ड, जरिवाना, जफत शीर्षक अन्तर्गत आ.व. २०७५/७६ मा रु.१ लाख २० हजार अनुमान गरेकोमा रु १ लाख १७ हजार रकम प्राप्त भएको र आ.व.२०७६/७७ मा रु १ लाख ४५ हजार अनुमानित गरेको थियो । आ.व. ०७७।७८ मा मा रु.१ लाख ६० हजार अनुमान गरेको पाइन्छ ।

आयको सम्भावना :दण्ड, जरिवाना, जफत शीर्षक वापत प्राप्त हुने आयमा न्यूनीकरण गर्ने चाहना गाउँपालिकाले सदैव राख्ने गर्दछ र यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ । तर पनि दण्ड, जरिवाना शीर्षकमा प्रायः वर्षहरुमा आय प्राप्त हुने गर्दछ भने कतिपय दण्ड जरिवानाहरु सम्बन्धित शीर्षकमै हुने गर्दछ ।

सुधार गर्नुपर्ने पक्षहरु :नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षक अन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षक रहेको हुनाले गाउँपालिकाले विगत वर्षहरुको आधारमा अनुमान गरी आम्दानी गर्दा कुन शीर्षकबाट कति आम्दानी भयो भन्ने स्पष्ट हुन्छ । साथै दण्ड जरिवानाका दरहरु पनि निर्धारण गरी राख्दा जनतालाई कानून पालनामा सजगता पनि बृद्धि हुन जान्छ ।

झ. घरजग्गा रजिष्ट्रेशन दस्तुर :

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक बर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले बार्षिक रुपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । गाउँपालिकाले यस्तो मूल्यांकन वास्तविक रुपमा

कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अद्यावधिक गराउने गर्नु पर्दछ ।

ञ. सामुदायिक वनबाट प्राप्त रकम

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

तर वन ऐन, २०७६ ले सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ भन्ने उल्लेख गरी गाउँपालिकाको संचित कोषमा १० प्रतिशत दाखिला गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐनको प्रावधानसँग बाझेकोले यस सम्वन्धमा नीतिगत तहबाटै स्पष्ट गर्नुपर्ने देखिन्छ ।

विद्यमान अवस्था :यस गाउँपालिकामा ३२ वटा सामुदायिक वन भएको र प्रति सामुदायिक वनको बार्षिक आम्दानी रु २ लाख अनुमान गर्दा कुल रु ६४ लाखको १० प्रतिशतका आधारमा बार्षिक रु ६ लाख ४० हजार किस्पाङ गाउँपालिकालाई आम्दानी हुने देखिन्छ ।

तत्कालगर्नुपर्ने कार्यहरु :सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसँग नयाँ ऐनका विषयमा छलफल गर्ने र हालसम्म भएका काम, कारवाहीका विषयमा समिक्षा गर्ने । आगामी आर्थिक वर्षको कार्य योजना पेश गर्ने समय सीमा तोकी सोही बमोजिम गर्न लगाउने ।आगामी आर्थिक वर्षको कार्य योजना स्वीकृत गर्ने र कानून बमोजिम वन पैदावर बिक्री तथा उपयोगबाट प्राप्त हुने १० प्रतिशत बराबरको रकम अनुमान गर्ने । प्राप्त रकमको केही अंश सामुदायिक बनको हितमा वा वन अतिक्रमण नियन्त्रणका लागि खर्च हुने गरी विनियोजन गर्ने । कार्य योजनाका आधारमा अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

परिच्छेद- चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ। यसबाट गाउँपालिकाको आय संकलनका लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्ने छ।

४.१ आय संकलनको संस्थागत क्षमता

४.१.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ। स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार हुने व्यवस्था छ।

***तालिका ४.१:** स्थानीय राजस्व परामर्श समिति*

क्र.सं.	प्द	समिति (जिम्मेवारी)
१	उपाध्यक्ष, गाउँपालिका	संयोजक
२	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
३	कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य	सदस्य
४	कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य	सदस्य
५	स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना	सदस्य
६	स्थानीय घरेलु उद्योग संघको प्रतिनिधि वा घरेलु कार्यालयको प्रतिनिधि एकजना	सदस्य
७	गाउँपालिकाको राजस्व शाखा प्रमुख	सदस्य सचिव

माथि उल्लेख भए बमोजिम किस्पाङ गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ।

४.१.२ गाउँपालिकाको राजस्व प्रशासन

गाउँपालिकामा हालसम्म अत्यन्त न्यून जनशक्तिका कारणले राजस्व प्रशासन प्रभावकारी हुन सकेको छैन। हालको कर्मचारी विवरणलाई हेर्दा गाउँपालिका अन्तरगत राजस्व इकाईको संस्थागत संरचना व्यवस्था भएको छैन। अन्य गाउँपालिकामा झैं यस गाउँपालिकामा पनि लेखा शाखाका कर्मचारीलाई राजस्व सम्वन्धी कार्य गर्ने गरी तोकिएको छ। वडा कार्यालयहरुबाट पनि राजस्व संकलन गर्ने कार्यको थालनी भएता पनि प्रभावकारी हुन सकेको छैन। राजस्व संकलनका लागि गाउँपालिकाले सफट्वेर प्रयोगमा ल्याएको छैन। यसको लागि जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, सफट्वयेर तथा नेटवर्क सहित

कम्प्युटरीकृत करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान आदि कार्यहरु हुन् । यसैगरी यहाँ राजस्वको महत्पूर्ण स्रोत पर्यटन प्रवर्द्धन भएकाले पर्यटन पूर्वाधार विकासका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने र प्रचार प्रसारका साथै होटल तथा होमस्टेको क्षमता विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ । वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुका साथै वडा कार्यालयभन्दा टाढाका वस्तीहरुमा नियमित रुपमा घुम्ति शिविर सञ्चालन गर्नुपर्ने हुन्छ ।

गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजस्वका विविध पक्षहरुको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ ।राजस्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजस्व अनुगमन तथा लक्ष्य प्राप्तिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ ।

किस्पाङ गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट

वडाबाट संकलन गरिएको राजस्व बुझ्ने फाराम

वडा नं :   राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः   मितिः

सि.नं	काटिएको रसिद नं	रसिद काटिएको मिति	राजस्वको शिर्षक	राजस्व बुझाउने व्यक्ति वा संस्थाको नाम	संकलन गरिएको राजस्व रकम
जम्मा रसिद संख्या				जम्मा रकम	
जम्मा रकम अक्षरमा :					
रकम बुझिलिनेको दस्तखत र मिति :					

४.२ गाउँपालिकाको आन्तरिक आय परिचालन

किस्पाङ गाउँपालिकाको वस्तुगत विवरण लगायत आर्थिक ऐन २०७७ अनुसार देहाय बमोजिम कर संकलनको अवस्था र सम्भावना रहेको छः

तालिका ४.२: *कर संकलनको अवस्था र सम्भावनाको विश्लेषण*

क्र.सं.	आयका प्रकार	सम्भावना भएको/ नभएको	संकलन भएको/नभएको	दर निर्धारण गरिएको छ/छैन	कैफियत
क.	*कर तर्फ*				
१	सम्पत्ति कर	भएको	नभएको	छ	

क.सं.	आयका प्रकार	सम्भावना भएको/ नभएको	संकलन भएको/नभएको	दर निर्धारण गरिएको छ/छैन	कैफियत
२	मालपोत	भएको	भएको	छ	अब्बल, दोयम, सिम, चाहर बमोजिम
२.१	सिचाइ सुविधा पुगेको				
२.२	सिचाइ सुविधा नपुगेको/ पाखोबारी				
३	घर जग्गा बहाल कर	भएको	भएको	छ	आ.व. ०७७।७८ का लागि रु ५० हजार अनुमान गरेको (विगतको यथार्थ रकम भन्दा निकै कम)
४	व्यवसाय कर	भएको	नभएको	छ	आ.व. ०७७।७८ मा रु ५ लाख ५० हजार अनुमान गरेको
५	जडीबुटी कवाडी र जीवजन्त अवसेस कर	भएको	नभएको	छ	आ.व. ०७७।७८ मा रु २ लाख अनुमान गरेको ।
६	सवारी साधन कर अटो रिक्सा र इ-रिक्सा	नभएको		छैन	तर सवारी साधन सेवा दस्तुरका लागि आ.व. ०७७।७८ मा रु ५० हजार अनुमान गरेको ।
७	विज्ञापन कर	हाललाई नभएको	नभएको	छ	आर्थिक ऐन, २०७७ को अनुसूची ६
ठाज्ञ	होर्डिङ्ग बोर्ड				
ठाद्द	ग्लो साइन बोर्ड				
ठाघ	भित्ते लेखन				
७.४	तुल व्यानर				
८	मनोरन्जन कर (प्रदेशले तोक्ने)	नभएको		छ	आर्थिक ऐन २०७७ मा सिनेमा हल, भिडियो हल लगायत मनोरञ्जन प्रर्दशनस्थलमा प्रवेश शुल्कमा प्रति टिकट रु ५०० भनी प्रचलित कानून विपरित दर तोकेको ।
८.१	महोत्सव रमाइलो मेला दैनिक				
८.२	महोत्सव मेला दस्तुर प्रति दिन				
(ख)	***गैरकर तर्फ***				
९	बहाल बिटौरी शुल्क				
१०	पार्किङ्ग शुल्क	नगण्य सम्भावना		छ	आर्थिक ऐन, २०७७ को अनुसूची ८
१०.१	वस, ट्रक, लरी अन्य हेवी गाडी				
१०.२	जीप कार अन्य साना गाडी				

क.सं.	आयका प्रकार	सम्भावना भएको/ नभएको	संकलन भएको/नभएको	दर निर्धारण गरिएको छ/छैन	कैफियत
११	ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङग, बन्जी जम्पिङ्ग, जिपफलयार र रयाफटीङ्ग शुल्क			छ	आर्थिक ऐन, २०७७ को दफा (१०) बमोजिम अनुसूची ९
१२	सेवा शुल्क तथा सिफारिस दस्तूर	भएको			आर्थिक ऐन, २०७७ को दफा (११) बमोजिम अनुसूची १०
१३	पर्यटन शूल्क	पूर्वाधार गठन भएपछि सम्भावना भएको		छ	आर्थिक ऐन, २०७७ को दफा (१२) बमोजिम अनुसूची ११
१४	घर नक्सापास शुल्क	भएको	भएको	छ	आर्थिक ऐन, २०७७ को नक्सापास निवेदन (रु ७००), नक्सा नामसारी तथा नविकरण वापत (रु ५००) र अभिलेखिकरण प्रमाणीकरण वापत (प्रति वर्गफिट रु ३
१५	फोहरमैला व्यवस्थापन शुल्क	सम्भावना नभएको		छैन	
१६	स्थानीय खानेपानी महसुल	सम्भावना भएको	नभएको	छैन	
१७	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क			छ	हाटबजार, पर्यटकीय पूर्वाधार, सडक कृषि बजार केन्द्र आदिको सम्भावना भएको
१८	मूल्यांकन सेवा शुल्क	सम्भावना भएको	भएको	छ	
१९	दर्ता, अनुमति तथा नवीकरण दस्तुर	सम्भावना भएको	भएको	छ	
२०	सामुदायिक वनबाट प्राप्त	सम्भावना भएको	नभएको		३२ वटा सामुदायिक वनहरु रहेको ।
२१	ढुँगा गिट्टी बालुवा (दहत्तर बहत्तर)	भएको (दहत्तर बहत्तर)	भएको	प्रदेशले तोके बमोजिम	आर्थिक ऐन, २०७७ को अनुसूचीमा
२२	सहकारी क्षेत्रको व्यवसाय दर्ता, नविकरण	भएको	नभएको		

स्रोत : *किस्पाङ गाउँपालिकाको आर्थिक ऐन* २०७७

४.३ राजस्व परिचालनमा रहेका सवालहरु

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरुप राजस्व परिचालनमा सुधारल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ। राजस्व परिचालनका मुख्य सवालहरु नीगित स्पष्टता, कर प्रशासन, दर, दायरा आदि सम्बन्धी रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार छन् ।

(क) कानुनी तथा नीतिगत

गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरु प्रकृति संरक्षण ऐनसँग बाझेको हुनाले कतिपय स्रोतहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ। साथै गाउँपालिकाले परिचालन गर्न सक्ने राजस्वका लागि आवश्यक आर्थिक ऐन, उचित दर निर्धारण, विभिन्न कार्यविधिहरु समयमै गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।यस गाउँपालिकाको आन्तरिक आयको मुख्य श्रोतका रुपमा देखिएका सम्पत्ति कर, व्यवसाय कर, सेवाशुल्क सम्बन्धी कर सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ। संभावित र उठ्न सक्ने राजस्वका दरहरु मात्र स्पष्टरुपमा आर्थिक ऐनमा समावेश गर्नु उपयुक्त हुन्छ।

(ख) संगठन, क्षमता र पूर्वाधार :

यस गाउँपालिकाको राजस्व शाखामा दरबन्दी अनुसार कर्मचारीको व्यवस्थापन गर्न आवश्यक देखिन्छ। कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजस्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजस्व शाखाको व्यवस्था हुन आवश्यक छ। साथै वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरी वडा कार्यालयहरु मार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापना भएमा राजस्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ। गाउँपालिका देखि वडास्तरसम्म कम्प्यूटर, सफ्टवेयर तथा नेटवर्किगंको व्यवस्था हुन आवश्यक छ। गाउँपालिकालाई बुझाउनु पर्ने कर र आन्तरिक करको स्थानीय विकासमा पर्ने प्रभावका विषयमा स्थानीय वासिन्दामा जानकारी नभएको कारणले पनि आन्तरिक राजस्व न्यून भएको हुँदा यसका लागि गाउँपालिकाले कर शिक्षा प्रदान गर्न महत्वपूर्ण हुन्छ।

(ग) अभिलेख व्यवस्थापन तथा स्रोतहरुको प्राथमिकीकरण :

गाउँपालिकामा सम्भावना भएका विभिन्न कर, शुल्क तथा दस्तुरका स्रोत पहिचान गरी दायरा फराकिलो पार्ने तथा दरहरु निर्धारण गरी आवधिक गर्दै जानुपर्दछ। गाउँपालिकाबाट राजस्वका नयाँ स्रोतहरु सिर्जना तथा प्राथमिकीकरणका आधारमा नयाँ स्रोतहरुको पहिचान र परिचालन गर्दै स्रोतहरुको दायरा विस्तार गर्दै अगाडि बढ्न आवश्यक हुन्छ।

(घ) स्थानीय आर्थिक विकास :

गाउँपालिकाले आन्तरिक आय स्रोत अभिवृद्धि हुने खालका पूर्वाधारका योजनाहरु (जस्तैः कृषि, सिचाई, पर्यटन, लघु जलविद्युत आदि) मा प्राथमिकताका साथ लगानी गर्नुपर्दछ। गाउँपालिकाबाट बार्षिकतथा मध्यकालि अवधिका कार्यक्रमका माध्यमबाट गरिने लगानी स्थानीय आर्थिक विकासका लागि व्यवसायिकता, आय आर्जन, स्थानीय कच्चा पदार्थको उत्पादन, प्रशोधन, बजारीकरण, आर्थिक विकास केन्द्रीत पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरेर रोजगारी सिर्जना गर्नु पर्दछ। स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको गाउँपालिकाप्रति सकारात्मक धारणाको विकास र विश्वासको वातावरण निर्माण गर्नु पर्दछ। महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरुको लागि विषेश कार्यक्रमहरु तयार गरी उनीहरुलाई आर्थिक कार्यमा संलग्न गरी करको दायरा बढाउनु जरुरी हुन्छ। यसबाट निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित

हुनुका साथै जनताको कर तिर्ने क्षमतामा बृद्धि भै गाउँपालिकाको राजस्व बृद्धिमा समेत सहयोग पुग्दछ ।

(ङ) पारदर्शिता र जवाफदेहिता :

राजस्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेही हुनु आवश्यक हुन्छ । गाउँपालिकाको आय व्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, सङ्कलित राजस्व सार्वजनिक गर्नु पारदर्शिता अभिबृद्धिका उपयुक्त विधि हुन सक्दछ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसार गर्नाले स्थानीय वासिन्दाको सहयोग बृद्धि हुन्छ ।

(च)आन्तरिक नियन्त्रण, शिर्षकगत प्रविष्टि र प्रतिवेदन

राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखाशाखामा सुरक्षित रहनु आवश्यक हुन्छ । राजस्व शाखाले जिन्सी फाँटबाट रसीद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुने गरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्वन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टि सहित भिडाई रकम बुझ्ने गरिनु पर्दछ । सम्वन्धित कर्मचारीले रकम दाखिला गर्दा नगरपालिकाबाट जारी भएको राजस्व शिर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ। आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्ने गरिनु पर्दछ । यसरी प्राप्त रकमलाई नगरपालिकाको गोस्वारा खातामा शिर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्वको शिर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ ।

यदि राजस्वको लेखा सूत्र (SUTRA) आधारित भए सोही बमोजिम शिर्षकगत रुपमा प्रविष्टि गरी अनलाईन (Online) प्रतिवेदन पठाउने प्रणाली अबलम्न गरिनु पर्दछ ।

परिच्छेद- पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित सूचना विश्लेषण तथा प्रविधिको प्रयोग मार्फत सहभागितामुलक अन्तक्रियाबाट तयार पारिएको यस किस्पाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, राजस्व सुधारका लागि लिइने रणनीति, कार्यनीति प्रस्तुत गरिएको छ ।

५.१ किस्पाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु यस प्रकार रहेका छन्ः

५.१.१ रणनीति

साविकका ५ वटा गाउँ विकास समितिहरु मिलाएर गठन गरिएको जलविद्युत उत्पादनस्थल र पर्यटनको सम्भावना बोकेको किस्पाङ गाउँपालिकामा विद्यमान कानून प्रदत्त धेरै राजस्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाउँपालिकाले आवश्यक कानूनहरु तर्जुमा गरीरहेको छ भने कतिपय पुराना कानूनलाई समसामयिक परिमार्जन एवं संशोधन पनि गर्नुपर्ने देखिएमा सो समेत गर्न सक्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर गरी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीतिहरु अवलम्बनगर्नुपर्दछ ।

१. राजस्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
२. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
३. राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।
५. स्थानीय आर्थिक विकास क्षेत्रलाई प्राथमिकता दिई लगानी विस्तार गर्ने ।
६. राजस्व प्रणाली लाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने ।

५.१.२ कार्यनीति

माथि उल्लेख भएका रणनीतिहरु अनुसार किस्पाङ गाउँपालिकाले देहाय बमोजिम कार्यनीतिहरुलाई जोड दिई अगाडी बढ्नुपर्दछ ।

तालिका ५.१ः *राजस्व अभिवृद्धिका लागि मुख्य रणनीति तथा कार्यनीतिहरु*

रणनीति	कार्यनीति
१. राजस्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।	१.१ गाउँपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।

रणनीति	कार्यनीति
	१.२ कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आवद्ध गराउदै लगानी गरिनेछ ।
	१.३ कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा नागरिक, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुको सहभागिता जुटाईनेछ ।
	१.४ करको बहन क्षमता समेतका आधारमा कर नीतिलाई विवेकसम्मत बनाइने छ
	१.५ राजस्व स्रोतका दायराको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।
	१.६ आन्तरिक राजस्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ र करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।
	१.७ पूर्वाधार उपयोग महशुल, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ ।
	१.८ नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।
	१.९ समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ ।
२. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।	२.१ गाउँपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ ।
	२.१ गाउँपालिकाको राजस्व शाखामा आवश्यक दरबन्दी पूर्ति गरिनेछ ।
	२.३ स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
	२.४ राजस्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ ।
	२.५ राजस्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा

रणनीति	कार्यनीति
	कार्यालयहरुसँग सूचना सञ्जालमा जोड्दै लगिने छ। स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ। २.६ प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ। २.७ राजस्व सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ।
३. राजस्व प्रणालीलाई सरल, सहज करदाता मैत्री र पारदर्शी बनाउने।	३.१ वडास्तरबाट नै कर संकलन तथा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। ३.२ कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ। ३.३ कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाईटमा राखिने छ। साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ। ३.४ वडा कार्यालयबाट पनि अनुगमन गर्ने र कर
४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने छ।	४.१ कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ। ४.२ पर्यटन शुल्क तथा प्राकृतिक स्रोतमा अधारित करका सम्बन्धमा बाग्मती प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ। ४.३ बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ ४.४ राजस्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जि.स.स.सँग नियमित अन्तरक्रिया गरिनेछ। यसैगरी अन्य छिमेकी स्थानीय तहसँग समन्वय

रणनीति	कार्यनीति
	वैठक आयोजना गरी राजस्व संकलनका सवालहरुबारे छलफल गरी समाधान गरिनेछ । ४.५ राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ ।
५. स्थानीय आर्थिक विकास क्षेत्रलाई प्राथमिकता दिई लगानी विस्तार गर्ने ।	५.१ राजस्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ । ५.२ गाउँपालिकामा नीजि तथा समुदायको साझेदारीमा कृषि तथा पर्यटन प्रबर्द्धन गर्ने खालका पूर्वाधारको विकास गरिनेछ ।
६. राजस्व प्रणाली लाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने ।	६.१ कर प्रणालीमा नसमेतेका महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिवहरुको लागि आर्थिक विकासको मूलप्रवाहिकरणमा ल्याउन विभिन्न प्रणालीहरुमा सकारात्मक विभेदका नीति ल्याउने ६.२ कर निर्धारण गर्दा यी वर्गहरुको सेवा, सुविधा र सहुलियतमा थप गरी प्रोत्साहन गर्ने ६.३ यी वर्गहरुको लागि सूचना प्रवाह, क्षमता अधिवृद्धि र परिचालनमा जोड दिने ।

५.१.३ राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको सूचना तथा तथ्यांक अध्ययन र अन्तर्क्रियाका आधारमा तयार गरिएको किस्पाङ गाउँपालिकाको राजस्व सुधार योजना यसप्रकार रहेको छ :

तालिका ५.२: *किस्पाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना*

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
क. कर तथा गैह्र कर राजस्व			
सम्पत्ति कर	- सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने - सम्पत्ति मूल्यांकन समिति गठन गरी घरजग्गा मूल्यांकन दर निर्धारण गर्ने (कर प्रयोजन तथा अचल सम्पत्ति	२०७८ जेठ मसान्तसम्म	• राजस्व परामर्श समिति, • प्रमुख प्रशासकीय

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
	मूल्यांकनमा समेत एकरुपता कायम गर्ने गरी), - सम्पत्ति करको दर निर्धारण गर्ने		अधिकृत र • लेखा प्रमुख • प्राविधिक शाखा
मालपोत	- मलपोत करको दर निर्धारण गर्ने (सालैभर सिचिंत, मौसमी सिंचित र असिचितं जग्गाको आधारमा) वा अनुसूची १ बमोजिम प्रगतिशिल दरका आधारमा	२०७८ जेठ मसान्तसम्म	• राजस्व परामर्श समिति, • प्रमुख प्रशासकीय अधिकृत र • लेखा प्रमुख • प्राविधिक शाखा
व्यवसाय कर	▪ गाउँपालिका क्षेत्र भित्रका स्थानीय व्यवसायीहरुको समिति वा इकाई गठन गर्ने (समन्वय र सहयोग)। ▪ गाउँपालिकाका सबै व्यवसायीहरुलाई व्यवसाय दर्ताका लागि सूचना जारी गर्ने ।	२०७७फागुन मसान्तसम्म	• प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरु
	▪ व्यसायीहरुसँग नियमित छलफल र अन्तरक्रिया गर्ने	निरन्तर	• गाउँ कार्यपालिका
	▪ लघु जलविद्युत आयोजना दर्ता तथा नवीकरणको दर निर्धारण गर्ने ▪ लघु जलविद्युत दर्ताका लागि सूचना जारी गर्ने, ▪ सहकारी क्षेत्रबाट सञ्चालित व्यवसाय दर्ताको सूचना जारी गर्ने ।	२०७८ असार मसान्तसम्म	• गाउँसभा • गाउँ कार्यपालिका • अनुगमन शाखा
विज्ञापन कर	▪ संभावनाको अध्ययन गर्ने	२०७८ असार मसान्तसम्म	• स्थानीय राजस्व परामर्श समिति, • गाउँपालिका
जडिबुटी, कवाडी,	▪ संभावनाको अध्ययन गर्ने	२०७८ असार मसान्तसम्म	• स्थानीय राजस्व

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
जिवजन्तु आदि			परामर्श समिति, • गाउँपालिका •
पूर्वाधार उपयोग शुल्क	▪ संभावनाको अध्ययन गर्ने	२०७८ असार मसान्तसम्म	• स्थानीय राजस्व परामर्श समिति, • गाउँपालिका • उपभोक्ता समिति
घर जग्गा वहाल कर	▪ वडागत रुपमा घर बहालमा लगाउने घरधनीहरुको विवरण संकलन गर्ने । ▪ घरधनीहरुसँग अन्तरक्रिया गर्ने ▪ घरजग्गा बहाल कर संकलन गर्ने ।	२०७८जेठ मसान्तसम्म	• राजस्व परामर्श समिति • राजस्व शाखा
वहाल विटौरी शुल्क	▪ सार्वजनिक जग्गाहरु उपयोग बारेको अध्ययन गर्ने र विवरण तयार गर्ने ▪ सार्वजनिक जग्गाहरुको पहिचान गरी नापनक्सा अद्यावधिक गर्ने ▪ बहाल विटौरी करको दर निर्धारण गर्ने	२०७८ आषाढ मसान्तसम्म	• गाउँ कार्यपालिका • राजस्व परामर्श समिति
	▪ सार्वजनिक जग्गाहरुमा कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमा लगाउने	आ.व. २०७९/०८०देखि	• गाउँ कार्यपालिका • वडा कार्यालय
घरजग्गा रजिष्ट्रेशन दस्तुर	▪ महिला पुरुष छुट्टिने गरी घरजग्गाको अभिलेख राख्ने ▪ प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने	२०७८ श्रावण देखि	• गाउँ कार्यपालिका
जडिबुटी तथा कवाडी	▪ जडिबुटी तथा कवाडी संभाव्यता सम्वन्धी अध्ययन गर्ने (जलविद्युत आयोजनाबाट खेर जाने निर्माण	२०७८ आषाढ मसान्त	• प्रमुख प्रशासकीय अधिकृत

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
	सामाग्री कवाडी सामान लगायत बजार क्षेत्रमा अन्य आदि		
प्राकृतिक स्रोत बिक्री	▪ प्राकृतिक स्रोत तथा ढुंगा, गिट्टि, बालुवा उत्खनन्/संकलन एवं राजस्व संकलन सम्बन्धमा जिसससँग सहयोग लिने र प्रदेश सरकारसँग समन्वय गर्ने	२०७७ पौष मसान्त	• गाउँपालिका र सम्बन्धित शाखा
सामुदायिक वन	▪ सम्वन्धित वन डिभिजन कार्यालयसँग समन्वय गरी सामुदायिक वनको लगत तयार गर्ने, बैठक आयोजना गर्ने र स्रोत बाँडफाँटको कार्यविधि तयार गर्ने ।	२०७७ फागुन मसान्त	गाउँपालिका तथा सम्वन्धित शाखा
कृषि तथा पशुजन्य उत्पादनको व्यवसायिक उपयोग	▪ कृषि तथा पशुजन्य उत्पादनको व्यवसायिक उपयोगको परिमाण अनुमान गर्ने ▪ करको दर निर्धारण गर्ने ▪ कृषि तथा पशुजन्य उपज संकलन केन्द्र/बजार स्थापना गर्ने ▪ सहकारी संस्थाहरुलाई सुदृढीकरण गर्ने ▪ जग्गाको एकीकृत गरी नीजि क्षेत्र र गाउँपालिकाको संयुक्त लगानीमा आधुनिक व्यवसायिक खेती प्रारम्भ गर्ने	२०७८ असार मसान्त	• गाउँपालिका र राजस्व शाखा
व्यवसाय रजिष्ट्रेसन दस्तुर	▪ वडागत रुपमा व्यवसाय दर्ता अभियान सञ्चालन गर्ने ▪ संघसंस्थाहरुको विवरण संकलन गर्ने ▪ वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर असुल गर्ने	२०७७ पौष मसान्तसम्म	• गाउँपालिका, वडा कार्यालय, राजस्व शाखा
अचल सम्पत्ति मूल्यांकन शुल्क	▪ घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकरुपता कायम गर्ने	निरन्तर	• वडा कार्यालय
पर्यटन सेवा शुल्क	पर्यटकीय पथ मार्ग निर्माण गर्न सम्वन्धित क्षेत्रका स्थानीय तह तथा प्रदेश सरकारसँग अन्तरक्रिया गर्ने *(त्रिदेशीय ब्यापरिक मार्ग अर्थात गल्छी*	२०७७चैत्र मसान्त	• गाउँ कार्यपालिका, योजना शाखा

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
	रसुवागढी मार्ग, भाल्चे गोङगा भञ्ज्याङ्ग, रुपचेत सिङला, गणेश हिमाल हुँदै गोरखाको आरुघाट र रसुवाको सोम्दाङ)		
	▪ फिकुरी डाँडा लगायत अन्य क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि अध्ययन गर्ने र नीजि तथा समुदायको सहभागितामा पूर्वाधार तयार गर्ने	२०७८ पौष सम्म	• गाउँ कार्यपालिका, योजना शाखा
	▪ पर्यटन शुल्क संकलनका लागि प्रदेश सरकारसँग समन्वय गरी संकलन गर्ने	२०७९ श्रावण देखि	• गाउँ कार्यपालिका
नक्सा पास दस्तुर	▪ नक्सापास सम्बन्धमा जनचेतना जगाउने ▪ प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने ▪ नक्सापासलाई अनिवार्य गर्ने । ▪ बनीसकेका संरचनाहरुको दर्ता गर्ने	निरन्तर	• प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा
पानी मुहान दर्ता गर्ने	▪ पानी मुहान दर्ता गर्ने बारे कार्यविधि स्वीकृत गर्ने ▪ सरोकारवालाहरुलाई जानकारी गराउने ▪ मुहान दर्ताको दर निर्धारण गर्ने	निरन्तर	• वडा कार्यालय
ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र			
पूर्वाधार निर्माण गर्ने	▪ होमस्टेहरुको विकास तथा विस्तार गर्ने ▪ वडा जोड्ने तथा शाखा सडक निर्माण तथा स्तरोन्नति गर्ने ▪ गोरेटो तथा घोडेटोहरुको मर्मत सम्भार गर्ने ▪ मुख्य बजार केन्द्रमा कृषि हाट बजार तथा संकलन केन्द्र निर्माण गर्ने । ▪ मौसमी तथा असिचितं जग्गामा सालैभरी सिचाई पुग्ने गरी प्राथमिकताका साथ बजेट विनियोजन गर्ने ।	निरन्तर २०७८ श्रावण देखि	• गाउँपालिका र प्राविधिक शाखा
ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन			
मानवीय	- राजस्व इकाईको दरबन्दी अनुरुप	प्रथम पटक	• गाउँपालिका

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
क्षमता विकास	पदपूर्ति गर्ने र राजस्व संकलनको जिम्मेवारी किटान गर्ने - गाउँपालिकाको राजस्व अधिकार सम्बन्धमा कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने - राजस्वका असल अभ्यासबारे जानकारी दिने - गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजस्व प्रशासन, अभिलेखन र सफ्टवेयरबारे तालिम प्रदान गर्ने - करदाता तथा व्यवसायीहरुलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने - निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको लागि नीति तथा बजेट तर्जुमा गर्ने । - आन्तरिक नियन्त्रण र प्रतिवेदन प्रणाली व्यवस्थित गने	विज्ञको सहयोगमा २०७७ कार्तिक भित्र र त्यसपछि नियमित	• राजस्व परामर्श समिति
	- गाउँपालिकामा राजस्व इकाईको लागि कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत ब्याकअप सहितको सुविधा उपलब्ध गराउने	२०७८ श्रावण भित्र	• गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत
तथ्याङ्क तथा सूचना व्यवस्थापन	- सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरुको तथ्याङ्क, सूचना संकलन गर्ने - करदाताको व्यक्तिगत फाईल (विवरण) तयार गर्ने - महशुल योग्य पूर्वाधारहरु (सडक, सिंचाई, खानेपानी, भवन आदि) को अभिलेख तयार गर्ने	२०७८ चैत्र देखिनियमित रुपमा	• वडा कार्यालय, राजस्व इकाई, प्राविधिक शाखा
राजस्व संकलन तथा	- राजस्व अभिलेख सम्बन्धी एकीकृत (अनलाईन) सफ्टवेयर तथा नेटवर्क	नियमित रुपमा	• गाउँ कार्यपालिका र

सुधारका क्षेत्रहरु	सुधार गर्नुपर्ने क्रियाकलापहरु	समयावधि	जिम्मेवारी
अभिलेख	जडान गर्ने - करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने - राजस्व प्रशासनमा सफ्टवेयर सहित कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने		वडा कार्यालयहरु
सूचना तथा पारदर्शिता	- स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने । - गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने - कर तथा राजस्व असुलीका लागि घरदैलो कार्यक्रम तथा घुम्ति शिविर सञ्चालन गर्ने - राजस्व संकलनको विवरण त्रैमासिक एवं अर्ध वार्षिक रुपमा प्रकाशन गर्ने	नियमित	• प्रमुख प्रशासकीय अधिकृत, • वडा सचिवहरु
अनुगमन	- अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने । - कर चुहावट नियन्त्रण गर्ने	प्रत्येक तीन महिनामा	• कार्यपालिका तथा वडा कार्यालयहरु
करदाता र कर्मचारी प्रोत्साहन कार्यक्रम	- कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने - बढी कर तिर्नेलाई करदातालाई सम्मान गर्ने	वार्षिक रुपमा (गाउँ सभा गर्ने दिनमा)	• गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद- छ : आगामी तीन वर्षको आय प्रक्षेपण

राजस्व सुधार कार्ययोजनालाई किस्पाङ गाउँपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्नका लागि तीन आर्थिक वर्षहरुको यथार्थ र प्रस्तावित राजस्वको अध्ययन तथा गाउँपालिकाको सम्भावनाहरुलाई विश्लेषण गरेर आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपण सम्बन्धी विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ। आन्तरिक तथा वाह्य स्रोतको शीर्षकगत विस्तृत विवरण ***अनुसूची ५ मा*** रहेको छ।

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

गाउँपालिकाको राजस्व सम्बन्धी संकलित तथ्यांक, राजस्व सुधार कार्ययोजना तथा विगत वर्षहरुमा भएको वार्षिक वृद्धि दर र सम्भाव्यता समेतलाई आधार मानेर देहाय अनुसार राजस्व प्रक्षेपण गरिएको छ।

तालिका ६.१: *राजस्व प्रक्षेपणका आधार*

राजशव संकेत	राजशव शिर्षक	यथार्थ		अनुमान	बार्षिक संभाव्य रकम रु	प्रक्षेपित आय			प्रक्षेपणका आधारहरु
		०७५।७६	०७६।७७	०७७।७८		०७८।७९	०७९।८०	०८०।८१	
११३१३	सम्पत्ति कर *(सम्पत्ति कर)*	०	०	०	१,८२५	१,२७७	१,४६०	१,६४२	संभावित रकमको पहिलो वर्षमा ७० प्रतिशत, दोस्रोमा ८० प्रतिशत र तेस्रोमा ९० प्रतिशतहुने गरी
११३१४	भूमी कर/मालपोत	९२१	१,३००	६५०	१,०६०	९५४	१,०६०	१,११२	प्रक्षेपणको पहिलो आर्थिक वर्षमा ९० प्रतिशत तत्पश्चातको दोस्रो आर्थिक वर्षमा १०० प्रतिशत सँगसँगै र तेस्रो आर्थिक वर्षमा आइपुग्दा थप १७७६ रोपनीमा सिचाईमा लगानी गरी सिचित जग्गा बृद्धि हुने र सोही बमोजिम मालपोत रकम वृद्धि हुने।
११३१५	घरजग्गा रजिष्ट्रेशन दस्तुर	०	०	३००	३००	३३०	३६३	३९९	चालु आ.व. को अनुमान रकममा वार्षिक १० प्रतिशत वृद्धि हुने गरी

